जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाह पवित्र बन्धन हो,
विवाहलाई लेनदेनको विषय नबनाऔं,
विवाहमा दाईजो लिने र दिने काम नगरौं,
दाईजोको कारण हुने हिंसा अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २६ • अंक ३२५ • २०८२ साल बैशाख ९ गते मंगलबार (22 April, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## ई. यादव पक्राउको विरोधमा उपाध्यक्ष ई. साह



**टुडे समाचारदाता**

जनकपुरधामः जनमत पार्टीका निलम्बित उपाध्यक्ष तथा अनुशासन आयोगका प्रमुख दीपककुमार साहले पार्टी अध्यक्ष सीके राउतको भ्रष्टाचारकाण्ड बारे भण्डाफोर गरेका छन् । उनले पार्टीका कोषाध्यक्ष सुरेन्द्रनारायण यादवलाई ठगी प्रकरणमा पक्राउ गरेपछि अध्यक्ष राउतको हात रहेको भन्दै १० बुँदे खुलासा गरेका छन् ।

साहले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै मधेश आश्रम नामक घर निर्माण राउतकै योजनामा भएको र सो क्रममा करोडौं रकम उठाइएको थियो । अहिले आएर सोही प्रकरणमा यादवलाई पक्राउ गराइएको उनको भनाइ छ ।

कोषाध्यक्ष ई. यादवको गिरफ्तारीप्रति उपाध्यक्ष ई. साहले गम्भीर आपत्ति जनाएका छन् । उनले यादवको समर्पण र योगदान पार्टीमा उच्च भएपनि यो गिरफ्तारी योजनाबद्ध षड्यन्त्र भएको दाबी गरेका छन्। साहले पार्टी अध्यक्ष राउतमाथि आर्थिक अनियमितता, शक्ति दुरुपयोग, पारदर्शिताको अभाव, समानुपातिक सूचीमा आर्थिक लेनदेन लगायत १० वटा बुँदामा गम्भीर आरोप लगाएका छन् ।

उनले स्वतन्त्र तथा निष्पक्ष छानबिनको माग गर्दै पार्टीमा पारदर्शिता र आन्तरिक लोकतन्त्रको प्रत्याभूति आवश्यक रहेको बताए ।

उनलाई समानुपातिकको सूचीमा राख्नका लागि ५० लाख रुपैयाँ मागिएको र अध्यक्ष राउतको इमाडोलस्थित घर बनाउन पनि 'मधेश लोट चले' भन्ने नारासहितको नाममा भ्रष्टाचार गरिएको आरोप उनले लगाए ।

सबै आर्थिक अनियमिततामा अध्यक्ष राउतको संलग्नता रहेको भन्दै योजनाबद्ध षड्यन्त्रको हिस्साअनुरूप ई. यादवलाई आर्थिक लेनदेनमा पक्राउ गरेर राउतको भ्रष्टाचार लुकाउन खोजिएको उनले बताए ।

### मधेशी नेताहरुको कारण मधेश मुद्दा कमजोर

# ठूला दलका मधेशी नेताहरु गुलामीबाट मुक्त हुन सकेनन्: अध्यक्ष यादव



**टुडे समाचारदाता**

लहान । मधेश र मधेशीको अधिकार हरण गरेको आरोप लाग्दै आएको बेला जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशकै केही नेताहरुको दास प्रवृत्तिको कारण मधेशीहरु पछाडि परेको बताएका छन् ।

'मधेशका केही नेताहरू नै मधेश मुक्तिको बाधक रहेका छन्' उनले भने, दास मानसिकताका नेताहरु मधेश र मधेशीको अधिकार खोस्नेका सहयोगी बनेका छन्। नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रमा रहेका मधेशी नेताहरुप्रति कटाक्ष गर्दै अध्यक्ष यादवले भने, मधेशी विरोधी गतिविधिमा लागेका मधेशीहरुकै कारण मधेश मुक्तिको आन्दोलनलाई धक्का लागेको छ ।

दोस्रो संविधान सभाबाट संविधान जारी भइरहेको बेला मधेशी दलका सांसदहरुले बहिष्कार गर्दा ठूला दलका मधेशी नेताहरुले विभेदकारी संविधानको पक्षमा रहेका थिए । ठूला दलका मधेशी सांसदहरुले संविधानमा संशोधनको पक्षमा उभिएको भए धेरै समस्या समाधान हुने अवस्था रहेको थियो । मधेशी दलका नेताहरुले विरोधमा संसद बहिष्कार गरेका बेला मधेशमा आन्दोलन उत्कर्षमा रहेको थियो । तर कांग्रेस, एमाले र माओवादी दलका मधेशी सांसदहरुले मधेशी, आदिवासी, जनजाती विरोधी संविधानलाई समर्थन गर्दै दिपावली गरेका थिए ।

पार्टीको सिराहा जिल्लाको गोलबजारमा सोमबार उद्घाटन गर्दै अध्यक्ष यादवले ठूला दलका मधेशी नेताहरुप्रति आक्रोश पोखेका छन् ।

मधेशलाई नश्लीय राज्यसत्ताले सधैंभरि आन्तरिक उपनिवेशमा राखेको भए पनि मधेशकै नेताहरूका कारण यसबाट मुक्ति मिल्न नसकेको उनले बताएका छन् । 'मधेशमा आन्तरिक उपनिवेश छ,' अध्यक्ष यादवले भने, तर, जसले मधेशलाई उत्पीडनमा राखेका छन्, यहाँका कतिपय नेता उनीहरूकै गुलामी गर्दैछन् ।

मधेश र मधेशीको अस्तित्व समाप्त पार्ने षड्यन्त्र तहत नै भूमि अध्यादेश ल्याएको तर यसमा एमाले कांग्रेसमा भएका मधेशी नेताहरूले दास बनेर टुलुटुलु हेर्ने काम गरेको उनले आरोप लगाए । 'कांग्रेस, एमालेमा भएका मधेशी नेताहरू पनि बोल्छन् भन्ने लागेको थियो,' उनले भने, 'तर, उनीहरू त्यहाँ दास बनेर बसेका छन् ।' मधेशमा राज्यले ज्यादती गर्दै आएको र यहाँका सबै नेताहरू मिलेर त्यसविरुद्ध लड्नुपर्ने भएपनि ती नेताहरू आफ्नो व्यक्तिगत लाभ र स्वार्थका निम्ति एमाले कांग्रेसमा गुलामी गर्दै बसेको अध्यक्ष यादवले बताए ।

नेपाली कांग्रेस, एमाले र माओवादीमा उच्च पदमा पुगेका मधेशी नेताहरु केही समयमै पाखा लाग्ने गरेका छन् । कांग्रेसमा विमलेन्द्र निधि, विजय गच्छदार, माओवादीमा मातृकाप्रसाद यादव लगायतको पीडा उनीहरु स्वयंले महसुस गरिरहेका छन् ।

नेकपा एमाले, नेकपा एस, राप्रपा, रास्वपालगायतका दलहरुमा रहेका मधेशी नेताहरुको हाल पनि कांग्रेस र माओवादीका नेताहरुको भन्दा फरक छैन। मधेशी दलहरुको कारण ठूला दलहरुमा आलोपालो मधेशी नेताहरुले अवसर पाएपनि त्यो टिकाउ भइरहेको छैन।

जसपा नेपालले गत वर्ष नै राष्ट्रिय महाधिवेशन सम्पन्न गरे पनि प्रदेश, जिल्ला, पालिका, वडाको अधिवेशन अहिले गरिरहेको छ। महाधिवेशन भएको ११ महिना बितिसक्दापनि निर्वाचन आयोगले जसपा नेपाललाई अध्यावधिक गरेको छैन ।

जसपा नेपालका अध्यक्ष यादवले सर्वोच्चमा दिएको रिटको फैसला हाल सम्म भएको छैन । त्यसबाट पार्टीका नेता, कार्यकर्ताहरुमा नैराश्यता बढिरहेको बेला जसपा नेपालले सरकारले ल्याएको भूमि सम्बन्धी अध्यादेश निष्क्रिय बनाउन खेलेको भूमिकाले पार्टीमा नयाँ जोश देखिएको छ । जसपा नेपालको अडानको कारण सरकारले ल्याएको मधेश विरोधी भूमि सम्बन्धी अध्यादेश निष्क्रिय बनाउन बाध्य भएका थिए ।

उद्घाटन समारोहमा प्रथम उपाध्यक्ष राजकिशोर यादवले मुलुकमा लोकतन्त्रको नाममा दलतन्त्र र दलतन्त्रको नाममा गिरोहतन्त्र चलिरहेको बताए। जनताले लडेर मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था ल्याए पनि केही दलहरू यसलाई कमजोर बनाउने काममा लागेको उनले आरोप लगाए ।

उपाध्यक्ष यादवले सरकारको कडा आलोचना गर्दै गणतन्त्रमाथि खाएको खतरा महसुस गर्ने दलहरु नै त्यसको कारक रहेको बताए । 'संघीय लोकतान्त्रिक गणतन्त्रमाथि देखिएको कारक नै ठूला दलहरुको ब्यवहार रहेको छ' उनले भने, समयमै ती दलहरु नसच्चिए इतिहासको पानामा खुम्चिने निश्चित छ ।

सो कार्यक्रममा जसपा नेपालका पदाधिकारी, भातृ संगठनका नेताहरुले आ-आफ्नो धारणा व्यक्त गरेका थिए।अधिवेशनले मंगलवार नयाँ नेतृत्वको चयन गर्ने बताइएको छ।






# स्मार्ट ड्राइभिङ लाइसेन्स छपाइमा ढिलाइ, सेवाग्राहीलाई सास्ती

**टुडे समाचारदाता**

वीरगञ्ज । सर्लाही लालबन्दीका प्रह्लाद अधिकारी २/३ महिनामा एक पटक यातायात व्यवस्था कार्यालय वीरगञ्जमा गरेका छन् । झन्डै एक वर्षअघि सवारी चालक अनुमति पाएका उनले स्मार्ट ड्राइभिङ लाइसेन्स कार्ड लिनका लागि वीरगन्ज धाइरहनु परेको छ ।



हाल सप्तरीमा जागिरे उनले वीरगञ्ज आउन आफू कार्यरत कार्यालयमा बिदा लिएर आउनु परेको बताउँछन् । तर पटक पटक निराश हुनु परेको छ ।

यातायात कार्यालयका कर्मचारीले आफ्नो लाइसेन्स अझै नछापिएको जवाफ मात्र दिने गरेको उनले बताए ।

अधिकारी झैं थुप्रै सेवाग्राही यसरी दैनिक आफ्नो स्मार्ट लाइसेन्स खोज्दै यातायात व्यवस्था कार्यालमा आइपुग्छन् र निराश हुँदै फर्कन्छन् । ३ वर्षदेखि यसरी स्मार्ट लाइसेन्सको प्रतीक्षामा बसेका सेवाग्राही पनि छन् ।

कार्यालयका प्रमुख कुशेश्वर साह स्मार्ट लाइसेन्स केन्द्रबाट छापिएर नआएसम्म आफूहरुले केही गर्न नसक्ने बताउँछन् ।

सन् २०२२ देखि यसरी स्मार्ट लाइसेन्सको प्रतीक्षा गरेर सेवाग्राही बसेको उनले बताए ।

बेला बखत लाइसेन्स छाप्ने मेसिन बिग्रिने समेत गरेकाले छाप्ने प्रक्रियामा थप ढिलाइ हुने गरेको उनले बताए । आगामी आर्थिक वर्षदेखि प्रदेशमै यस्तो लाइसेन्स छाप्ने तयारी भइरहेकाले त्यसपछि स्मार्ट लाइसेन्स छपाइमा हालको जस्तो ढिलाइ नहुने साहले दाबी गरेका छन् ।

# पर्साका सरकारी कार्यालयको पुँजीगत खर्च न्यून

वीरगञ्ज । पर्साका सरकारी कार्यालयको विकास निर्माण लक्षित पुँजीगत खर्च न्यून देखिएको छ । चालु आवमा पर्साका सरकारी कार्यालयका लागि रु दुई अर्ब ७३ करोड पुँजीगत खर्च विनियोजन गरिएकोमध्ये चैत मसान्तसम्मको अवधिमा भने २७ दशमलव ९६ प्रतिशतअर्थात् रु ७६ करोड ६० लाख रकम मात्रै खर्च गरेका छन् ।

कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साका प्रमुख कोष नियन्त्रक मनोजकुमार जोशीले पर्साका सरकारी कार्यालयले अपेक्षाकृत ढङ्गले पुँजीगत खर्च गर्न नसकेको बताउनुभयो । "चालु आव सकिन अब तीन महिनाभन्दा कम समय छ", उहाँले भन्नुभयो, "सङ्घीय सरकारको हाराहारीमा पनि यहाँका कार्यालयले पुँजीगत खर्च गर्न सकिरहेका छैनन् ।" उहाँले पुँजीगत खर्च गरेर विकास निर्माणका कार्यलाई अघि बढाउनका लागि अनुरोध गर्नुभयो ।

पर्साका सरकारी कार्यालयका लागि चालु आवमा चालु खर्चतर्फ रु १० अर्ब ६२ करोड विनियोजनमध्ये ६४ दशमलव ८९ प्रतिशतअर्थात् रु छ अर्ब ८९ करोड खर्च भएको छ । पर्साका सरकारी कार्यालयले चालु आवको चैत मसान्तसम्मको अवधिमा रु एक खर्ब ६१ राजस्व सङ्कलन गरेका छन् । यहाँका सरकारी कार्यालयले गत आवको सोही अवधिमा भने रु एक खर्ब ५१ करोड राजस्व सङ्कलन गरेका थिए । पर्सामा करिब ६० भन्दा धेरै सङ्घीय सरकार मातहतका कार्यालय रहेका छन् ।रासस

# सन्तपुर दोस्तियामा दुईतले मोक्तम भवन निर्माण हुँदै

**टुडे समाचारदाता**

रौतहट । नेकपा एमालेको मधेश प्रदेशका सांसद जैनव खातुनको विशेष पहलमा रौतहटको पश्चिमिभेग फतुवा विजयपुर नगरपालिका -५ स्थित सन्तपुर दोस्तियामा दुइतले मोक्तम भवनको निर्माण शुरु भएको छ ।



सोमबार एक समारोहका बीच प्रदेश सांसद खातुनले विधिवत रूपमा शिलान्यास गरेसँगै मोक्तम भवनको निर्माण शुरु भएको छ ।

मुस्लिम सामुदायिकको मान्यता अनुसार धर्मशाला सरह मोक्तम भवनमा सार्वजनिक कार्यक्रम संगै विश्राम गर्ने गरिन्छ ।

प्रदेश सांसद खातुनको विशेष पहलमा मधेश प्रदेश सरकारका युवा खेलकूद समाज कल्याण मन्त्रालयको करिब ४० लाख रुपैयाँको लागतमा दुई तल्ले मोक्तम भवन निर्माण भईरहेको सांसद प्रतिनिधि रामशरण यादवले बताएका छन् ।

सिल्यानास समारोहमा सांसद खातुन संगै नेकपा एमालेका प्रदेश कमिटी सदस्य सहबान खान, पूर्व गा. वि. स. अध्यक्ष बुधाई खान, युवा नेता शेख मोबिन, सुरेन्द्र यादव, शिवपुजन यादव, शेख नथुनी, शेख मज्जुल, राजा बाबु खान, शेख अपताब लगायतका सहभागी रहेका थिए।स्थानिय तबरेज खानको अध्यक्षतामा गठित उपभोक्ता समिति मार्फत भवनको निर्माण काम हुने बताइएको छ ।

# विद्युत् पोलमा मोटरसाइकल ठोकिदा एक जनाको मृत्यु

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सामा विद्युत् पोलमा मोटरसाइकल दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ ।



मोटरसाइकल पोलमा ठोक्किएर भएको दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् ।

मृत्यु हुनेमा पर्साको जिराभवानी गाउँपालिका- २ का ३० वर्षीय बिहारी राम रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता सुवास भट्टले बताए । उनले जिराभवानी गाउँपालिका-२ सडक खण्डमा रहेको विद्युत् पोलमा मोटरसाइकल ठोक्किएर दुर्घटना भएको जानकारी दिए । दुर्घटना हुँदा गम्भीर घाइते रामको उपचारको लागि ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको पर्सा प्रहरीले जनाएको छ ।

पर्सा प्रहरीका अनुसार ग ५ प ८३१ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना भएको छ। दुर्घटनामा जलेश्वरका राम भने भन्ने व्यक्ति गम्भीर घाइते भएको पर्सा प्रहरीले जनाएको छ। रामको अवस्था चिन्ताजनक रहेको छ भने उनको वीरगञ्जको एलएस न्युरो अस्पतालमा उपचार भइरहेको पर्सा प्रहरीले जनाएको छ।

# पाँच महिनापछि सिरहा नगरपालिकाले पायो प्रमुख प्रशासकीय अधिकृत

सिरहा ।
सिरहा नगरपालिकाले झन्डै पाँच महिनापछि प्रमुख प्रशासकीय अधिकृत पाएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतका रूपमा नगरपालिकाकै स्वास्थ्य शाखा प्रमुख मोहम्मद इद्रिस राइनलाई जिम्मेवारी तोकेर कामकाजमा खटाएपछि सोमबारदेखि उहाँ हाजिर हुनुभएको छ ।

यसअघि नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत बलिराम यादवको गत माघमा आर्थिक तथा प्रशाासनिक जिम्मेवारी खोसिएपछि नगरपालिका प्रमुख प्रशासकीय अधिकृतविहीन बनेको थियो । जसले गर्दा कार्यालयको दैनिक कामकाज प्रभावित भएको थियो ।

नयाँ प्रमुख प्रशासकीय अधिकृत राइनलाई आज नगर प्रमुख डा नवीनकुमार यादवले चादर ओढाएर डायरी र कलम दिँदै एक कार्यक्रमबीच नगरपालिकामा स्वागत गर्नुभएको छ । स्वागत गर्दै नगर प्रमुख यादवले अधिकृत राइनलाई नगरपालिकाको हरेक गतिविधिहरू जनताको पक्षमा गर्न निर्देशन दिनुभयो । उहाँले नगरको सकारात्मक परिवर्तनका लागि कर्मचारीको कुशल नेतृत्व गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आग्रह गर्नुभयो ।

यस क्रममा प्रमुख प्रशासकीय अधिकृत मोहम्मद राइनले कुशल कार्यशैली अपनाएर जनमैत्री सेवा प्रवाह गर्न आफूले सकेको भूमिका निर्वाह गर्ने भन्दै सोही अनुरुप मातहतका कर्मचारीले पनि सकारात्मक सहयोग गर्नुपर्ने बताउनुभयो ।

लामो समय प्रमुख प्रशासकीय अधिकृत नतोकिँदा नगरपालिकाले तर्जुमा गरेको चालु आर्थिक वर्षको योजना सञ्चालनमा अवरोध पुगेको थियो । त्यसैगरी, सम्पन्न भएका योजनाको भुक्तानी हुन नसक्दा सेवाग्राहीलाई समस्या भएको थियो भने ज्येष्ठ नागरिक, एकल महिला, पाँच वर्षमुनिका बालबालिकाले सामाजिक सुरक्षा भत्ता र बालपोषणको रकम पाउनबाट तथा कर्मचारी पारिश्रमिक पाउनबाट वञ्चित भएका थिए ।रासस

# 'राजस्व बढ्ने आधार छैन, रुग्ण आयोजनाका बजेट व्यापक कटौती गर्नुपर्छ'

काठमाण्डु । आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका लागि स्रोतको अभाव हुनसक्ने भएकाले रुग्ण र समस्याग्रस्त आयोजनामा व्यापक कटौती गर्नुपर्ने सुझावसहितको प्रतिवेदन राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालयलाई बुझाएको छ ।




आयोगले आइतबार आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत छलफलसम्बन्धी प्रतिवेदन अर्थ मन्त्रालयलाई बुझाउँदै अनिवार्य दायित्वका क्षेत्रमै स्रोतको चाप देखिनसक्ने भएकाले रुग्ण आयोजनामा बजेट कटौतीका लागि सुझाव दिएको हो ।

"राजस्व परिचालनमा आगामी आर्थिक वर्षमा पनि उल्लेख्य सुधार हुने सम्भावना कम रहेको छ । वैदेशिक अनुदान प्राप्ति विगत केही वर्षदेखि न्यून हुँदै गएको र वैदेशिक ऋण प्राप्ति पनि प्रतिबद्धताअनुसार परिचालन हुन नसकेको स्थिति छ", आयोगले बुझाएको प्रतिवेदनमा भनिएको छ, "यसरी समग्र स्रोतको सीमा न्यून हुन गएकाले सोको समुचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।"

राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्षका लागि रु १९ खर्ब ६५ करोडको स्रोत अनुमान गरेर सोही सीमाभित्र बजेट ल्याउन सरकारलाई सिफारिस गरिसकेको छ । बजेटमा चालुगत र अनिवार्य दायित्वको हिस्सा क्रमशः बढ्दो देखिन्छ । सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानी, कर्मचारीको तलबभत्ता, सामाजिक सुरक्षालगायत क्षेत्रमा हुने खर्चको भार चर्को हुँदै गएका कारण पनि विकास आयोजनामा खर्च कटौतीको स्थिति बनेको हो ।

"सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीको दायित्व वृद्धि हुँदै गएको छ । आगामी आर्थिक वर्षका लागि रु चार खर्बभन्दा अधिक रकम भुक्तानी गर्नुपर्ने दायित्व रहेको छ", आयोगको प्रतिवेदनमा भनिएको छ, "अनिवार्य दायित्वअन्तर्गत कर्मचारी सुविधा, निवृत्तिभरण तथा उपदानलगायत शीर्षकमा खर्च परिमाण वृद्धि हुने भएकाले थप स्रोत आवश्यक पर्ने देखिएको छ ।" त्यस्तै, जाजरकोट भूकम्प र गत असोज महिनामा गएको बाढी पछिको पुनर्निर्माण सामाजिक सुरक्षा, स्वास्थ्य बीमालगायत शीर्षकमा थप स्रोत परिचालन गर्नुपर्ने अवस्था रहेको छ ।

विषयगत मन्त्रालय र निकायहरूबाट विगतमा सिर्जित दायित्वको भुक्तानीलाई प्राथमिकता दिँदा अन्य क्षेत्रमा परिचालन गर्नुपर्ने स्रोतमा न्यूनता हुने आयोगको निष्कर्ष छ । जसकारण रुग्ण आयोजनाको खर्च कटौतीको विकल्प नरहेको आयोगको ठम्याइ छ ।

"न्यून पुँजीगत खर्च भएका अर्थात् अपेक्षित खर्च हुन नसकेका कार्यक्रमको बजेटको अंश उल्लेख्य मात्रामा कटौती गर्नुपर्ने अवस्था रहेको छ । रुग्ण तथा अधुरा आयोजनाहरूको विश्लेषणका आधारमा कार्यान्वयन गर्नैपर्ने अवस्थाका आयोजनालाई मात्र बजेट विनियोजन गर्नुपर्ने, केहीलाई स्थगन गर्नुपर्ने र केहीको खारेजी गर्नुपर्ने अवस्था रहेको छ", आयोगको प्रतिवेदनमा भनिएको छ ।

राजस्व परिचालनको अनुपातमा प्रदेश र स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणलाई पुनरावलोकन गर्नुपर्ने सुझाव पनि आयोगले दिएको छ । त्यस्तै, वैदेशिक सहायताबाट सञ्चालन हुने आयोजनाका लागि नेपाल सरकारका तर्फबाट व्यहोर्नुपर्ने अंश (काउन्टर पार्ट फन्ड) का लागि अनिवार्य व्यवस्था गरेर मात्र अन्य खर्च शीर्षकमा बजेट विनियोजन गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटले विभिन्न नीतिगत सुधार गर्नुपर्ने आवश्यकता पनि आयोगले औँल्याएको छ । "आगामी आर्थिक वर्षमा गर्नुपर्ने नीतिगत सुधार, नयाँ तथा नवप्रवर्तनकारी नीति तथा कार्यक्रम वा विद्यमान नीति तथा कार्यक्रममा पुनरावलोकन गर्नुपर्ने भएमा सो बमोजिम प्रस्ताव भए/नभएको विषयलाई महत्त्वका साथ हेरिनुपर्दछ", आयोगले भनेको छ ।

त्यस्तै विभिन्न मन्त्रालय वा निकायबाट बजेटमा प्रस्ताव गरिएका आयोजना वा कार्यक्रमको दीर्घकालीन सोचका राष्ट्रिय लक्ष्य, आवधिक योजनाका उद्देश्य, रूपान्तरणकारी रणनीति, प्रमुख कार्यक्रम र नतिजा खाकासँगको तादात्म्यता मिलाउन सुझाव दिइएको छ ।

"सीमित वित्तीय स्रोत तथा जनशक्तिबाट मन्त्रालय र निकायगत रूपमा बढ्दो माग आवश्यकता पूरा गर्नु चुनौतीपूर्ण रहेको छ । खर्च आवश्यकताको सही अनुमान तथा आयोजनाहरूको प्राथमिकीकरण एवम् पुनः प्राथमिकीकरण गर्नु अत्यावश्यक रहेको र यसका लागि राजनीतिक तहको प्रतिबद्धता आवश्यक पर्ने देखिन्छ", प्रतिवेदनमा भनिएको छ । आपसी समन्वयात्मक र सहयोगात्मक सम्बन्ध रहेका कार्यक्रम तथा आयोजनाबाट अतिरिक्त लाभ प्राप्त हुने र विरोधाभाष न्यून हुने गरी विनियोजनका लागि प्रस्ताव हुनुपर्ने आयोगको सुझाव छ ।

बजेट विनियोजनमा कुशलता नदेखिएको भनेर बारम्बार प्रश्न उठ्ने गरेका छन् । अधिकांश निकायको विनियोजित बजेट खर्च नहुने तर अनिवार्य दायित्व भुक्तानिका लागिसमेत बजेट प्रस्ताव नगर्दा मन्त्रालयहरूले आर्थिक वर्षको सुरूमै रकमान्तर तथा स्रोतान्तरका लागि माग गर्ने गरेका छन् । त्यस्तै, पूर्वतयारी नै नभएका आयोजनाका लागि बजेट माग हुने तर खर्च गर्न सक्ने क्षमता भएका आयोजनाका लागि ज्यादै न्यून बजेट माग हुने गरेको स्थितिसमेत अहिले छ ।

तीन तहका सरकारबीच विकास आयोजनाको स्वामित्वमा समस्या देखिएको पनि प्रतिवेदनमा औँल्याइएको छ । "प्रदेश तथा स्थानीय तहमा कतिपय आयोजना हस्तान्तरण भएसँगै बेवारिसे भएको एवम् प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुनुपर्ने स-साना आयोजनासमेत केन्द्रबाट सम्पादन गर्नुपर्दा उपलब्ध स्रोत साधनको विनियोजन कुशलता र उपलब्धिसमेत न्यून हुन सक्ने देखिएको छ", प्रतिवेदनमा भनिएको छ ।रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ ।
वृष : नयाँ व्यवसाय सुरु गर्ने मौका छ ।
मिथुन : प्रयत्न गर्दा भाग्यले साथ दिनेछ । परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ ।
कर्कट : रमाइलो यात्राको अवसर जुट्न सक्छ ।
सिंह : सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ ।
कन्या : प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ ।
तुला : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ ।
वृश्चिक : विगतका कमजोरी सच्याउने मौका मिल्नेछ ।
धनु: काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ ।
मकर : सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ ।
कुम्भ: अध्ययन अध्यापनमा प्रगति हुनेछ ।
मीन : विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# गणतन्त्रलाई संस्थागत गर्न राससको महत्वपूर्ण भूमिकाः अध्यक्ष दाहाल



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले रासस फोटो पुस्तकले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास एवं प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभएको छ।

ललितपुरको खुमलटारस्थित निवासमा राष्ट्रिय समाचार समिति (रासस)द्वारा प्रकाशित 'रासस फोटो किताबः गणतन्त्रको १६ वर्ष' ग्रहण गर्दै अध्यक्ष दाहालले पुस्तकका माध्यमबाट गणतन्त्रपछिका उपलब्धि र विकास निर्माणका कामलाई जनमानसमा बुझाउन उपयोगी हुने बताउनुभयो।

अध्यक्ष दाहालले राससले पछिल्लो समयमा गणतन्त्रलाई सहयोग पुग्ने महत्वपूर्ण काम गरेको र त्यसको उदाहरणका रुपमा यो फोटो पुस्तकलाई लिन सकिने धारणा राख्नुभयो। "गणतन्त्र स्थापनापछिको १६ वर्षको यस अवधिमा मुलुकको सभ्यता र संस्कृतिलाई जोड्ने र एक ठाउँमा ल्याउने सन्दर्भमा भए/गरेका गतिविधिलाई पुस्तकमा समेटिएको छ। विकास निर्माणलगायत पूर्वाधारका क्षेत्रमा भएका उपलब्धिलाई जनमानसमा पुऱ्याई उनीहरूलाई बुझाउने काम पनि राससले गरेको छ। गणतन्त्रमा केही भएको छैन भन्ने कुरालाई पुस्तकले खण्डन गर्दछ।"

समावेशी र सङ्घीय अवधारणा रासस अगाडि बढ्न खोज्नु सुखद पक्ष हो भन्दै उहाँले आफ्ना सेवालाई विशिष्टीकृत र विविधीकरण गरेकामा संस्थालाई धन्यवाद दिनुभयो। "मेरो नेतृत्वको सरकार रहँदादेखि नै राससलाई चिनिरहेको छु र पछिल्लो समय राम्रो काम गरिरहेको पाएको छु", पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो, "राससले व्यावसायिकता निर्वाह गर्ने प्रयत्न गरेको छ। सबैलाई समेट्ने जमर्को गरेको छ। नेपालमा मिडिया पुनःसंरचनाको कुरा बेलाबखतमा उठिरहेकै हो, त्यसै सन्दर्भमा राससले पछिल्ला दिनमा आफ्ना केही नयाँ सेवा पनि सुरुआत गरेको छ। मातृभाषामा समाचार सेवा थप गर्नाका साथै २४ घण्टे सेवा सञ्चालन गरिरहेको छ। जुन महत्वपूर्ण कुरा हो।"

अध्यक्ष दाहालले फोटो पुस्तक देश चिनाउन विदेशी पाहुनालाई दिन उपयुक्त हुने भन्दै यसको बढीभन्दा बढी पुस्तक प्रकाशन गर्ने व्यवस्था मिलाउन राससलाई आग्रह गर्नुभयो।

फोटो पुस्तक हस्तान्तरण गर्दै राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले फोटो पुस्तकले गणतन्त्रको संस्थागत विकासका निम्ति सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले फोटो पुस्तक तयारी तथा छपाइ प्रक्रिया र समेटिएका विषयवस्तुबारे जानकारी गराउनुभयो। यसैगरी कार्यकारी अध्यक्ष झाले राससको काम कारबाहीका बारेमा पनि अध्यक्ष दाहाललाई जानकारी गराउनुभएको थियो।

उक्त पुस्तकमा देशका सबै जातजाति, भाषाभाषी, भूगोल, धर्म, संस्कृति र पूर्वाधार निर्माणका क्षेत्रमा भइरहेका गतिविधिलाई समेटेर ९० फोटोपत्रकारले खिचेका १८२ वटा तस्बिर समावेश छन्। पुस्तक हस्तान्तरण कार्यक्रममा राससका महाप्रबन्धक सिद्धराज राई, राससका वरिष्ठ कार्यकारी व्यवस्थापक शीतलप्रसाद महतो, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन राससका अध्यक्ष प्रेमप्रसाद उपाध्याय र फोटोपत्रकार विकल्प दाहालको उपस्थिति थियो।रासस

# यथाशीघ्र संघीय निजामती ऐन ल्याउन माग




वीरगञ्ज। पर्साका निजामती कर्मचारीका छ वटा सङ्घ-सङ्गठनले सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक आफ्ना ११ बुँदे माग समावेश गरेर यथाशीघ्र ऐन जारी गर्न माग गरेका छन्।

पर्साका निजामति कर्मचारीका छ वटा सङ्घ-सङ्गठनले सोमबार प्रमुख जिल्ला अधिकारी गणेश अर्यालमार्फत प्रतिनिधिसभाका सभामुखलाई ज्ञापनपत्र बुझाएका छन्। नेपाल निजामती कर्मचारी युनियन पर्साका अध्यक्ष विजयकुमार गुप्ताले निजामती कर्मचारीको सरुवा प्रणालीलाई व्यवस्थित गर्न चक्रिय र पूर्वानुमान योग्य बनाउँदै सम्बन्धित प्रदेश तथा स्थानीय तहको सहमतिको आधारमा अन्तरप्रदेश र अन्तरप्रदेश स्थानीय तह सरूवाको व्यवस्था गर्नुपर्ने माग राखेको जानकारी दिनुभयो।

"सङ्घ, प्रदेश तथा स्थानीय तहको जुनसुकै तहमा कार्यरत कर्मचारीले खुला/आन्तरिक प्रतिस्पर्धाबाट अर्को तहमा नियुक्ती भएमा निजको सेवा निरन्तरताका साथै निवृत्तिभरण पाउनेगरी नियुक्त भएको कर्मचारीले प्रदेश र स्थानीय तहमा आन्तरिक तथा खुल्ला परीक्षा उत्तीर्ण गरेमा निवृत्तिभरण प्राप्त गर्ने प्रावधान कायम गर्नुपर्ने माग राखेका छौं", उहाँले भन्नुभयो, "निजामती कर्मचारी भन्नाले सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मलाई सम्झनुपर्छ भन्ने विषय परिभाषामा समेट्नुपर्नेछ।"

विभिन्न छ सङ्घ सङ्गठनले सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध कायम हुनेगरी पेसागत हकहित र अधिकारका लागि सङ्गठित हुन कार्यालय प्रमुख बाहेक शाखा अधिकृत वा आठौं तहसम्मका कर्मचारी सदस्य हुन पाउनेगरी सामूहिक सौदावाजीसहितको राष्ट्रियस्तरका ट्रेड युनियन र आधिकारिक ट्रेड युनियनको व्यवस्था हुनुपर्ने मागमा उल्लेख गरिएको छ।

त्यस्तै सङ्घीय निजामति सेवा ऐन जारी भए पनि सङ्घीय कानुन बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई एकपटक लागि समायोजनको लागि छनोटको अवसर प्रदान गर्नुपर्ने माग राखेका छन्। सङ्घ सङ्गठनले राज्य व्यवस्था तथा सुशासन समितिले गठन गरेको उपसमितिले संयुक्त ट्रेड युनियनबाट पटक-पटक उठान गरिएका विषयवस्तु समावेश नगरी समितिमा प्रतिवेदन पेस गर्नुले हाम्रा साझा माग मुद्दाप्रति उपसमिति बेवास्था गरेकोप्रति गम्भीर आपत्ति जनाएका छन्।

विधेयकमा देखिएको समस्याको समाधान निकाली सङ्घीय निजामति सेवा ऐनको विधेयक समितिको सुझावसहित प्रतिनिधिसभाको प्रथम बैठकभन्दा अगावै पेस गर्न राज्य व्यवस्था तथा सुशासन समितिसँग जोडदार माग गरेको छ।रासस

# शिक्षकहरूलाई वार्तामा आउन प्रधानमन्त्रीको आग्रह




काठमाण्डु। प्रधानमन्त्री केपी शर्मा ओलीले देशको ढुकुटीले धान्न सक्ने र सम्भव हुने मागलाई राज्यले सम्बोधन गर्ने भएकाले अविलम्ब वार्तामा बसेर विद्यालय फर्कन आन्दोलनरत शिक्षकहरूलाई आह्वान गर्नुभएको छ।

नेपाल प्रगतिशील प्राध्यापक सङ्गठनको ११ औं राष्ट्रिय सम्मेलनको सोमबार कीर्तिपुरमा उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले अहिलेको सरकार दमनकारी नभई लोकतान्त्रिक भएकाले ट्रेड युनियनको अधिकारको रक्षासहित पेसागत क्षेत्रका जायज मागलाई सम्बोधन गरिने बताउनुभयो।

"विद्यालय शिक्षा विधेयक संसदीय समितिमा विचाराधीन छ। ऐन ल्याउन भनेर यत्रा शिक्षकहरू सकडमा आन्दोलनमा आउनु पर्दैन। भर्ना अभियान सुरू भइसकेको छ। कृपया जानूस्, विद्यालयमा गएर भर्ना गराउनूस्। एसइईको उत्तरपुस्तिका परीक्षण गर्नूस्। एसइईमा ५२ प्रतिशत विद्यार्थी फेल गराइएको भन्ने मेरो भनाइले चित्त नदुखाउनूस्। गुणस्तरीय शिक्षाका लागि लाग्नूस्", प्रधानमन्त्री ओलीले भन्नुभयो, "शिक्षकहरूको आन्दोलनले विद्यार्थी र अभिभावकलाई घाटा छ, शिक्षकहरूलाई लाभ छैन। त्यसकारण अविलम्ब वार्तामा बसेर आन्दोलन अन्त्य गर्नूस्। प्रतिगामी तत्वहरू सल्बलाएका बेला तपाईंहरुले आन्दोलन गर्ने उपयुक्त समय पनि यो होइन।"

समृद्धि र अग्रगतिका लागि बौद्धिक सक्रियता देखाउन प्राध्यापकहरूलाई आग्रह

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले प्रतिगामी, उग्रवामपन्थी, विकृति र विसङ्गतियुक्त प्रवृत्तिहरूविरुद्ध प्राध्यापकहरुले बौद्धिक रूपमा सक्रियता देखाउनुपर्ने बताउनुभयो।

मुलुकमा प्रकट भइरहेका प्रतिगामी, उग्रवामपन्थी, विकृति र विसङ्गतियुक्त प्रवृत्तिहरूप्रति सजग हुँदै आफ्नो बौद्धिक क्षेत्रबाट विद्यमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षार्थ विचार निर्माणमा लागि पर्न आह्वान गर्नुभएको हो।

"प्राध्यापकजस्तो सचेत वर्गले लोकतन्त्र र तानाशाहीका बीचको भेद छुट्ट्याउन नसक्ने भन्ने कुरै हुँदैन। कोही पनि सचेत नागरिक आफ्नो समाज कस्तो बनाउने भन्ने सन्दर्भमा तटस्थ रहिरहन सक्दैन। लोकतन्त्रको प्रयोगबाट मुलुकको समृद्धिका लागि दक्ष जनशक्ति निर्माण गर्नुपर्ने छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामीले मिसन २०८४ भनेको छौं। त्यो मिसन भनेको अराजकतावादी, प्रतिगामी, असभ्यता र देशलाई अँध्यारो यात्रातर्फ फर्काउने प्रयासविरुद्धको मिसन हो। यसमा तपाईंहरूले लेखेर-बोलेर बौद्धिकताको प्रदर्शन गरी साथ दिनुपर्छ। विद्वत् समुदायका रूपमा समाजमा आफ्नो पहिचान दिनुपर्छ। देशको विकास तब हुन्छ, जब नागरिकहरू स्वस्थ्य, शिक्षित र दक्ष हुन्छन्। नागरिकहरू स्वस्थ्य, शिक्षित र दक्ष बनाउने हाम्रो प्राथमिकता हुनुपर्छ।"

प्रधानमन्त्री ओलीले शिक्षालाई हरेकको पहुँचभित्र कसरी पुर्याउने र गुणस्तरीय शिक्षा कसरी दिन सकिन्छ भनेर हामीले सोच्न आग्रह गर्दै कसरी ज्ञानलाई आर्जन, सङ्कलन र सम्प्रेषण गर्छौं भन्ने अति महत्वको विषयमा मनन गर्न सम्झाउनुभयो। उहाँले यस सङ्गठनको जन्म नै अधिकार प्राप्तिको आन्दोलनका क्रममा भएकाले आगामी दिनसम्म उच्चशिक्षा क्षेत्रमा गरिनुपर्ने सुधारका लागि प्रभावकारी भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो।रासस

# ऊर्जामन्त्री खड्काको निमन्त्रणामा भारतका विद्युत्मन्त्री नेपाल आउँदै



काठमाण्डु। भारतका विद्युत्, आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टर मङ्गलबार नेपालको भ्रमणमा आउँदै हुनुहुन्छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको निमन्त्रणामा उहाँ यहाँ आउनलाग्नुभएको हो।

गत माघ ३० गते भारतको भ्रमणका क्रममा मन्त्री खड्काले भारतका विद्युत्मन्त्री खट्टरलाई नेपाल भ्रमणको निमन्त्रणा दिनुभएको थियो। उहाँ दुई दिने भ्रमणका लागि नेपाल आउन लाग्नुभएको मन्त्रालयका प्रवक्ता सन्दीपकुमार देवले जानकारी दिनुभयो।

मन्त्री खड्कासँगै भारतीय मन्त्री खट्टरले मङ्गलबार संखुवासभाको तुम्लिङटारमा भारत सरकारको सहयोगमा निर्माण सम्पन्न भएको कोशी करिडोर २२० केभी प्रसारण लाईनअन्तरगत ईनरुवा-बसन्तपुर-बानेश्वर-तुम्लिङटार २०० केभी प्रसारण लाइन तथा २२०/१३३/३३ केभी तुम्लिङटार सवस्टेशन, २२०/३३ केभी बानेश्वर सवस्टेशन तथा २२०/१३३/३३ केभी बसन्तपुर सवस्टेशनको संयुक्त रुपमा उद्घाटन गर्ने कार्यक्रम छ। उहाँले सोही दिन भारतले निर्माण गरेको अरुण तेस्रो जलविद्युत् आयोजनाको विद्युत् गृह र बाँध क्षेत्रको अवलोकन गर्नुहुने प्रवक्ता देवले बताउनुभयो।

मङ्गलबार नै नेपाल र भारतको संयुक्त लगानीमा निर्माण गर्न लागिएको प्रसारण लाइनको सम्झौतापत्रमा हस्ताक्षर गरेर निर्माणको प्रक्रिया अगाडि बढाइने छ। दुई देशले संयुक्त लगानीमा निर्माण गर्न लागेको प्रसारण लाइनको सम्झौतापत्रमा दुवै मन्त्रीले हस्ताक्षर गरेर निर्माणको प्रक्रिया अगाडि बढाइने मन्त्रालयले जनाएको छ।

यही वैशाख १० गते भारतीय मन्त्री खट्टरले मुक्तिनाथको अवलोकन भ्रमण गर्ने कार्यक्रम रहेको छ। उहाँले प्रधानमन्त्री केपी शर्मा ओली र उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहसँग शिष्टाचार भेटघाट गर्ने कार्यक्रम तय भएको प्रवक्ता देवले जानकारी दिनुभयो।रासस


**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**हुलाक सेवा विभाग**
**जिल्ला हुलाक कार्यालय**
**रौतहट, गौर**

## जिल्ला हुलाक कार्यालयको हाताभित्र रहेका पुराना तथा जीर्ण भवन भत्काई मालसामान उठाई लैजाने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२।०१।०९**

मिति २०८२।०१।०८ गतेका निर्णयानुसार जिल्ला हुलाक कार्यालयको पुरानो जिर्ण भवन भत्काइ निस्केको माल सामान उठाई लैजाने कार्यको लागि (बोलपत्र) स्वीकृत लागत इष्टिमेट अनुसार भत्काउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त व्यक्ति, फर्म, संस्थाबाट तपसिलका शर्तहरुको अधिनमा रही बोलपत्र आह्वान गरिएको छ। बोलपत्र दाताहरुलाई आफ्नो बोलपत्र दाखिला गर्नु भन्दा अगाबै भत्काउनु पर्ने भवनहरुको निरीक्षण गर्नको लागि सुझाब दिइएको छ।

| क्र. सं. | ठेक्का नं. | योजनाको नाम | वडा नं. | न्यूनतम कबोल अंक | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | १/०८१/०८२ | पुरानो भवन जि.हु.का.रौतहट | ३ | १२७२६१७.१६ | कबोल अंकको १० प्रतिशत |

**शर्तहरू**

१. बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) औ दिनसम्म कार्यालय समय भित्र इजाजत पत्र, फर्म दर्ताको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८०/०८१ को कर चुक्ता भएका कागजातको प्रमाणित प्रतिलिपि संलग्न राखी रु. २०००।- (दुइ हजार रुपैया मात्र) पछी फिर्ता नहुने गरी तिरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ।
२. बोलपत्र खरिद गर्न चाहने इच्छुक व्यक्तिले नागरिकताको प्रमाण पत्र, फर्म, संस्था भए संस्थाको दर्ता तथा नवीकरण प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रका प्रतिलिपि, कालो सूचीमा नपरेको स्वयम घोषणापत्र पेश गर्नु पर्ने छ।
३. बोलपत्र पेश गर्दा आफुले कबोल गरेको अंकको सयकडा १० प्रतिशतका दरले लाग्ने धरौटी जमानत वापतको रकम को.ले.नि.का. रौतहटको नाउँमा रहेको रा.बा.बैंक गौर स्थित धरौटी खाता नं. १२१०१००१०२०३०००० मा जिल्ला हुलाक कार्यालयको कोड नं. ३५८०३२००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकको ईजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ४५ दिन म्याद अवधि भएको बैंक जमानत पत्र (द्यष्म द्ययलम) पेश गर्नुपर्ने छ।
४. खरिद भएका बोलपत्र फारामहरु यो प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ (बाइसौं) दिनको बिहान १२:०० बजे भित्र यस कार्यालयको नाम सम्बोधन गरी बोलपत्र दाताको नाम, ठेगाना र सम्पर्क नं. समेत खुलाई फर्मको छाप तथा लाहाछाप शिलबन्दी गरी यस कार्यालयमा पेश गर्नु पर्नेछ।
५. बोलपत्रहरु २२ (बाइसौं) दिन दिउँसो २:०० बजे जिल्ला हुलाक कार्यालय, रौतहटमा खोलिनेछ।
६. सबैभन्दा बढी कबोल गरेको व्यक्ति, फर्म संस्थाको दरभाउ पत्र स्वीकृत हुनेछ।
७. सम्झौता भएको मितिदेखि २ (दुई) हप्ताभित्र भवन भत्काई निस्केको मालसामान उठाई लैजानु पर्नेछ।
८. बोलपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
९. बोलपत्र दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो कार्य सोको लगतै कार्यालय खुलेको दिनमा हुनेछ।
१०. यसमा उल्लेखित बाहेक अन्य विषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम हुनेछ।

**हुलाक अधिकृत**
**जिल्ला हुलाक कार्यालय, रौतहट**



## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति २०८२/०१/०९ गते

यस बैंकको तपशिलको ऋणी संस्थाले **जनकपुर** शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ।सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

**ऋणी संस्थाको नाम :** श्री जिवन ज्योती बचत तथा ऋया सहकारी संस्था लि., **रजिष्टर्ड ठेगाना :** हलखोरी-०९, महोत्तरी। **हालको ठेगाना :** एकडारा गाउँपालिका -४, महोत्तरी **दर्ता नं:** १०९६/२०६९/०७०

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : रोशन मिश्रा (अध्यक्ष जमानीकर्ता)**
बाबु : बलिराम मिश्र
बाजे : रामपदारथ मिश्र
ना प्र नं. : ३५४३४१६६
ठेगाना : हलखोरी-९, महोत्तरी

**२) नाम : हरे शंकर तिवारी (पुर्व उपाध्यक्ष तथा हाल कोषाध्यक्ष)**
बाबु : जटाधर तिवारी
बाजे : मुखन तिवारी
ना प्र नं. : ३५४३४१८१
ठेगाना : हलखोरी-८, महोत्तरी

**३) नाम : मंजु देवी (पुर्व सञ्चालक सदस्य तथा हाल सचिव जमानीकर्ता)**
बाबु : राम रतन पाण्डेय
ससुरा : सहदेव शुक्ला
पति : वेदानन्द शुक्ला
ना प्र नं. : १८३००४१७३
ठेगाना : हलखोरी-८, महोत्तरी

**४) नाम : सिमा देवी (सदस्य जमानीकर्ता)**
बाबु : ध्रुव देव पाण्डेय
पति : मधु सुदन मिश्र
ना प्र नं. : १८३००४१६४
ठेगाना : हलखोरी-९, महोत्तरी

**५) नाम : अनिल कुमार मिश्र (पुर्व सञ्चालक सदस्य)**
बाबु : विकम मिश्र
बाजे : श्यामधर मिश्र
ना प्र नं. : १८-१-००४/२६४
ठेगाना : हलखोरी-९, महोत्तरी

**६) नाम : कारी देवी (सदस्य जमानीकर्ता)**
बाबु : खेदरु साह
ससुरा : बसु राउत
पति : भिखारी राउत
ना प्र नं. : १८-१-००४/२६३
ठेगाना : हलखोरी-८, महोत्तरी

**७) नाम : रामनाथ शुकला (सदस्य)**
बाबु : किशोरी शुकला
बाजे : भोला शुकला
ना प्र नं. : १८३००४२२२
ठेगाना : हलखोरी-८, महोत्तरी

**८) नाम : अजित कुमार मिश्र (पुर्व सचिव तथा हाल सञ्चालक सदस्य जमानीकर्ता )**
बाबु : घनश्याम मिश्र
बाजे : रामपदारथ मिश्र
ना प्र नं. : १८-१-००४/३०२
ठेगाना : हलखोरी-९, महोत्तरी


**९) नाम : नगीना देवी (पुर्व कोषाध्यक्ष जमानीकर्ता)**
बाबु : शिवशरण ठाकुर
ससुरा : भाग्य नारायण ठाकुर
पति : राम बाबु ठाकुर
ना प्र नं. : १८३००४२६२
ठेगाना : हलखोरी-९, महोत्तरी

**१०) नाम : जय मंगल मिश्र (पुर्व सञ्चालक सदस्य)**
बाबु : रामचनद्र मिश्र
बाजे : जुगेश्वर मिश्र
ना प्र नं. : १५६३
ठेगाना : हलखोरी-९, महोत्तरी

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री सत्य जगदेव शुक्लाको बुहारी श्री राम विनोद शुक्लाको श्रीमती महोत्तरी जिल्ला हलखोरी गा.वि.स. वडा नं. ९ बस्ने **श्री मिथिलेश देवीको** नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला हलखोरी गा.वि.स. वडा नं. ९क को कित्ता नं. २२७, १७०, २३१, २१४, २२८ र २२९ को क्षेत्रफल क्रमश ०-२-०, ०-२-०, ०-०-१८, ०-३-४-५, ०-१-० र ०-३-२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
२. श्री राम वदन रायको नाति श्री राम चन्दर रायको छोरा महोत्तरी जिल्ला हलखोरी गा.वि.स. वडा नं. १ बस्ने **श्री लाल वावु रायको** नाममा मालपोत कार्यालय, जलेश्वर महोत्तरीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला महोत्तरी हलखोरी गा.वि.स. वडा नं. ४ को कित्ता नं. ६९४ को क्षेत्रफल ०-१-१९ ३/४ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
३. श्री हरि शुक्लाको नाति श्री जगदेव शुक्लाको छोरा महोत्तरी जिल्ला हलखोरी गा.वि.स. वडा नं. ९ बस्ने **श्री राम विनोद शुक्लाको** नाममा मालपोत कार्यालय,जलेश्वर महोत्तरीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला महोत्तरी हलखोरी गा.वि.स. वडा नं. ९ क को कित्ता नं. १४८, ४८, १९ को क्षेत्रफल ०-२-१८, ०-५-१३ र ०-३-४ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
४. श्री राम ध्यान शुक्लाको नाति श्री भोला शुक्लाको छोरा महोत्तरी जिल्ला हलखोरी गा.वि.स. वडा नं. ८ बस्ने **श्री किशोरी शुक्लाको** नाममा मालपोत कार्यालय,जलेश्वर महोत्तरीमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला हलखोरी गा.वि.स. वडा नं. ८ को कित्ता नं. १३२, ७५४, ९७३ को क्षेत्रफल ०-३-१०, ०-१-४ १/२ र ०-१-१६ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

National Co-operative Bank Limited (NCBL) राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# राजनीतिमा गलत प्रवृत्ति

जनमत पार्टीका निलम्बित कोषाध्यक्ष सुरेन्द्र यादवलाई ठगी तथा आपराधिक विश्वासघात गरेको अभियोगमा प्रहरीले पक्राउ गरेको छ। यादवविरुद्ध जनमत पार्टीका प्रवक्ता डा. शरद यादवले जिल्ला प्रहरी कार्यालय ललितपुरमा ठगी र आपराधिक विश्वासघात गरेको अभियोग लगाउँदै मुद्दा दर्ता गराएका थिए। जनमत पार्टीका अध्यक्ष डा.सी.के.राउत बस्ने ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिकाको इमाडोलमा अवस्थित भवन र जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर ८ मा रहेको उनी बस्ने भवन निलम्बित कोषाध्यक्ष यादवकी पत्नीको नाउँमा रहेको बताइन्छ। डा.राउतले सो दुबै जग्गा आफ्ना दाई जयकान्त लाल (जेके) को नाउँमा गर्न यादवमाथि चरम दबाब दिएका थिए।तर यादवले सो घर जग्गाहरु पार्टी कार्यालयको लागि खरिद गरिएको बताउँदै पार्टीको नाममा मात्र रजिष्ट्रेशन गर्ने अडान लिएको कारण उनलाई निलम्बन गरिएको बताइएको छ। राजनीतिक दलमा पदाधिकारी निलम्बन गर्नु नौलो होइन। राजनीतिक दलमा अनुशासनात्मक कारबाही, पार्टीबाट निष्कासन लगायतको कार्यहरु समान्य मानिन्छ। तर मुद्दा नै गरेको यो पहिलो घटना हो।नेकपा एमाले र नेकपा माओवादी एक भएर बनाएको नेकपाको सम्पति विभाजनमा समेत नेताहरु अदालत गएनन्। तर सीके राउत निलम्बन गरिसकेका कोषाध्यक्ष उपर पार्टीको तर्फबाट नै मुद्दा गराएका छन्। उनले गराएको मुद्दाको अदालतले फैसला गरेपछि तथ्य प्रष्ट हुनेछ। अहिले दुबै पक्षको ध्यान अदालततर्फ केन्द्रित छ। डा.राउत पारिवारिक मुद्दा पनि झेलिरहेका छन्।उनले सम्बन्ध विच्छेदका लागि श्रीमतीमाथि मुद्दा हालेका छन्। त्यो मुद्दा अझै पनि अदालतमा विचाराधीन छ। फेरि अध्यक्ष राउतले पार्टीको कोष हिनामिना र अपराधिक विश्वासघात गरेको अभियोग लगाउँदै निलम्बन गरेका कोषाध्यक्ष यादवमाथि मुद्दा दर्ता गराएका छन्। यादवकी श्रीमतीको नाममा रहेको जग्गाको विषय मुद्दामा समावेश रहेको भए त्यसबारे पनि अदालतको फैसलामा स्पष्ट हुनेछ।तर राजनीतिक विषयलाई अदालतमा लगेर राउतले आफ्नै दलका नेतामाथि मुद्दा हाल्नु भन्दा पहिले सहमतिबाट समस्याको समाधान खोजिने प्रयास गर्न आवश्यक रहेको नेताहरुको धारणा देखिन्छ। जनमत पार्टी पहिलो पटककै चुनावमा राष्ट्रिय हैसियत बनाउन सफल भएको छ। कयौं पुराना मधेशी दलहरुलाई उछिन्दै मधेश प्रदेशमा सरकारको नेतृत्व गरिरहेको छ। पार्टीका अध्यक्ष राउतले पछिल्लो पटक नेताहरुलाई पाखा लगाउने र कारबाही गर्ने क्रम बढाएका छन्। पार्टी स्थापनाकालमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने र पार्टीलाई विभिन्न चरणमा अगाडि बढाउन अग्रणी भूमिका निर्वाह गर्ने नेताहरुलाई जनमत पार्टीमा पछाडि छाडिएको छ। यसले जनमत पार्टीलाई समग्रमा भारी क्षति हुने संकेत देखिन थालिएको छ। पार्टीको आन्तरिक विवाद र असन्तुष्टिलाई अदालत सम्म लग्ने गलत प्रवृत्ति जनमत पार्टीमा देखिएको छ।

# चितवन निकुञ्ज क्षेत्रमा साहसिकतामा रमाउँदै 'नेचर गाइड' महिला

**जमुना वर्षा शर्मा**

"अब त यस्तो लाग्न थालिसक्यो, एक दिन जङ्गल नपस्दा र जङ्गली जनावर नदेख्दा केही कुरा बिर्सिएजस्तो, केही कुरा छुटेजस्तो अनि जनावरले आफूलाई पर्खेजस्तो।" तीन वर्षदेखि चितवन राष्ट्रिय निकुञ्जमा 'नेचर गाइड'का रूपमा कार्यरत एलिना चौधरीका लागि जङ्गल केवल कार्यक्षेत्र मात्र होइन, आत्मशान्ति र सन्तुष्टिको स्रोतसमेत बनेको छ। उनको दिनचर्या अब स्वदेशी-विदेशी पर्यटकलाई प्रकृति र वन्यजन्तुको अवलोकन गराउँदै बित्छ।

"असहजता, चुनौती, कठिनाइ यी सबैसँग जुध्दै पर्यटकलाई हाम्रो प्रकृति र वन्यजन्तुको जानकारी दिनु अनि तिनीहरूको अनुहारमा खुसी देख्नुजस्तो आनन्द अरू केमा मिल्ला र?" एलिना भन्नुहुन्छ, "प्रकृतिसँग बिताएको प्रत्येक क्षण अमूल्य हुन्छ, त्यसलाई महसुस गर्न जान्नु नै आनन्द रहेछ।"

बाल्यकाल जङ्गल छेउमै बितेकाले एलिनाका लागि जङ्गली जनावरसँगको जम्काभेट सामान्य थियो। बिहान चराचुरुङ्गीको गुञ्जन, शीतल हावाको स्पर्श, हरियालीको आनन्द यिनै कुराले उहाँलाई प्रकृतिप्रति झन् नजिक बनायो। यही लगावले व्यावसायिक रूपमा नेचर गाइड बन्न प्रेरित गऱ्यो।

नेचर गाइडको औपचारिक तालिमपछि उहाँले चितवनको मेघौलीस्थित बाराही जङ्गल लजबाट आफ्नो यात्रा सुरु गर्नुभएको थियो। अचेल उहाँको दैनिकी पर्यटकको तालिकाअनुसार कहिले बोट सफारी गाइड, कहिले जिप सफारी गाइड त कहिले 'जङ्गल वाक'मा गाइडका रुपमा हुनेगर्छ।

अलि बढी चुनौतीचाहिँ जङ्गल वाकमा हुन्छ। एलिना भन्नुहुन्छ, "कतिबेला कुन जङ्गली जनावरसँग जम्काभेट हुने हो, थाहा हुँदैन, डर हुन्छ, तर त्यही डरभित्रको रोमाञ्चकता नै जङ्गल सफारीको सौन्दर्य हो," उहाँले प्रकृतिका विविधताको ज्ञानसँगै जङ्गली जनावरसँग जोगिने विशेष कला नेचर गाइडमा हुनुपर्ने बताउनुहुन्छ।

सन् २०१९ मा नेचर गाइडको प्रमाणपत्र प्राप्त गर्नुभएकी एलिनाले आत्मविश्वास, साहस, निडरता र ज्ञानलाई आफ्नो सबल पक्ष बनाउँदै आउनुभएको छ। वन्यजन्तु संरक्षण, दिगो पर्यटन र महिलाको सशक्तिकरणमा योगदान पुऱ्याएबापत एलिना अन्तरराष्ट्रिय 'टफ-टाइगर्स लज न्याचुरलिस्ट अफ दी इयर २०२४' अवार्ड समेत जित्न सफल हुनुभएको थियो। यो उपाधि जित्ने उहाँ पहिलो नेपाली महिला पनि हुनुहुन्छ।

एलिनासँग पर्यटकहरूसँग बिताएका कैयौँ सम्झनाहरू छन्। तीमध्ये एक घटना उहाँको स्मरणमा ताजै छ। "एक महिनाअघि एक नेपाली पर्यटक जङ्गल सफारी गर्न आउनुभएको थियो। यसअघि १२-१५ पटक जङ्गल सफारीमा उहाँले कहिल्यै बाघ देख्ने अवसर मिलेनछ। त्यो दिन संयोगवश, मैले गाइड गरिरहेको बेला उहाँले बाघ देख्नुभयो। उहाँ खुसीसँग एकदम भावुक भएर रुन पो थाल्नुभयो।" एलिना भन्नुहुन्छ, "खै किन हो कुन्नि, मैले सोध्न पनि सकिनँ। सायद, बाघ देख्ने उहाँको वर्षौंको सपना पूरा भएर पो हो कि।" थुप्रै अनुभवसँग एलिनाको दिनचर्या जङ्गल र नदी किनारमा प्रकृतिसँग साक्षात्कार गर्दै बितेको छ।

त्यसो त चितवन राष्ट्रिय निकुञ्ज छेउमा घर भएकी २३ वर्षीया सुदीक्षा कुमालको दैनिकी पनि उस्तै छ। स्नातक तेस्रो वर्षमा अध्ययनरत कुमाल बाल्यकालदेखि नै प्रकृति र वन्यजन्तुप्रति रुचि राख्ने उहाँ आफ्नै दिदीबाट प्रेरणा लिएर नेचर गाइड बन्ने निर्णय गरेको सुनाउनुहुन्छ। "मेरो दिदी पनि यो क्षेत्रमा हुनुहुन्छ। उहाँकै प्रेरणाले मैले पनि नेचर गाइडको तालिम लिएँ। वन्यजन्तु संरक्षण र प्रकृतिसँग नजिक रहेर काम गर्ने अवसर पाएँ।"

दुई वर्षदेखि पर्यटन क्षेत्रमा सक्रिय उहाँ नेपाली तथा विदेशी पर्यटकलाई चितवन राष्ट्रिय निकुञ्जको जैविक विविधता, वन्यजन्तु संरक्षण र वातावरणीय सन्तुलनका बारेमा जानकारी दिँदै आउनुभएको छ। नेचर गाइडिङ सजिलो यात्रा थिएन। परम्परागत रूपमा पुरुषहरूको वर्चस्व रहेको क्षेत्रमा आफूलाई स्थापित गर्न सामाजिक सोच भत्काएर पर्यटकलाई विश्वस्त बनाउनु थियो।

"सुरुमा कतिपयले महिलाले यो पेसा गर्न सक्छ भन्ने नै विश्वास गर्दैनथे। चितवन राष्ट्रिय निकुञ्जमा गैँडासहित बाघ, भालुजस्ता वन्यजन्तु पाइन्छन्। पर्यटकलाई जङ्गल सफारीमा लैजानु जोखिमपूर्ण पनि हुन सक्छ," सुदीक्षा बताउनुहुन्छ। मौसमको प्रतिकूलता, गर्मी वा वर्षामा बाटो हिलाम्य हुनु, कीराहरूको प्रकोपलगायत प्राकृतिक चुनौती पनि उस्तै हुन्छन्।

वातावरण विज्ञान अध्ययन गर्नुभएकी पूर्वचितवनकी सकिना महतो आफू पढाइ अनुसारको पेसामा रमाइरहेको बताउनुहुन्छ। "प्रकृतिप्रेमी र जनावर संरक्षणमा बढी चासो भएकै कारण मैले वातावरण विज्ञान पढेँ र यो क्षेत्रलाई पेसा बनाएर अघि बढेकी छु।" उहाँले कठिनाइ भए पनि आत्मसन्तुष्टि मिलेको र नौ महिनादेखि यही पेसामा तल्लीन रहेको बताउनुभयो।

"सहज त पक्कै छैन यो अलि जोखिम साहसिकताभित्र पर्छ, कुनै समय यो क्षेत्रमा महिला कल्पना गरिँदैनथ्यो तर अहिले महिलाका निडरताका साथ आउन थालेका छन्," पर्यटकको जङ्गल अनुभवलाई अविस्मरणीय बनाउन आफ्नो ज्ञान, सीप, कौशलतालाई प्रदर्शन गरिरहेको उहाँको भनाइ छ।

चितवन योगी टोलकी बिबिएस अध्ययनरत २० वर्षीय प्रभा कुमाल एक वर्षदेखि यो क्षेत्रमा क्रियाशील हुनुहुन्छ। बाल्यकालदेखि नै वन्यजन्तुप्रति रुचिले उहाँलाई वन्यजन्तुमा आकर्षित गऱ्यो। सानैबाट जङ्गल वरिपरि नै जन्मे-हुर्केका कारण वन्यजन्तुसँगको आत्मीयले नै यस क्षेत्रप्रति आकर्षित गरेको बताउनुहुन्छ। "जङ्गल र जङ्गली जनावरसँगको अनुभव त पहिले नै थियो तर व्यावसायिक कलाका लागि नेचर गाइडको विशेष कोर्ष पूरा गरी यो क्षेत्रमा प्रवेश गरेँ, यसले थप ज्ञान र आत्मविश्वास बढायो।"

पुरुषहरूको वर्चस्व रहेको क्षेत्रमा वन्यजन्तु संरक्षण, साहसिक पर्यटन र महिला सशक्तिकरणको नमूनाका रुपमा महिला नेचर गाइडलाई लिन सकिने बताउनुहुन्छ, बाराहीजङ्गल लजका सञ्चालक बिप्लव पौडेल। "सुरुमा यो क्षेत्रमा महिलाहरूको सङ्ख्या निकै कम थियो। अहिले भने महिला नेचर गाइडहरूको सङ्ख्या बढ्दै गएको देख्दा खुसी लाग्छ, उनीहरूको आत्मविश्वास, दक्षता र मेहनत प्रशंसनीय छ।"

नेचर गाइड महिलाहरुको उपस्थितिले स्थानीय समुदायमा महिला सशक्तीकरणको सन्देश प्रवाह गर्न सहयोगी बनेको पौडेल भन्नुहुन्छ, "हामीले बाराही जङ्गल लजबाट महिला गाइडहरूलाई प्रवर्द्धन गर्दै आएका छौँ, महिला ज्ञान, सीप र क्षमताका आधारमा अवसर पनि दिँदै आएका छौँ।" उनीहरूको सीप विकास, तालिम र अवसरको सुनिश्चिततामा सरोकारवालाले अझ ध्यान दिन आवश्यक रहेको उहाँको भनाइ छ।

फोटो, भिडियोमार्फत पर्यटन प्रवर्द्धनमा सक्रिय फोटो पत्रकार सङ्घ कास्कीका अध्यक्ष राम गुरुङले 'फोटो वाक एट मेघौली यात्रा' मा नेचर गाइड महिलाले पर्यटकलाई गाइडिङ गरिरहेका दृश्य निकै गर्विलो लागेको बताउनुभयो।

उक्त यात्राको अनुभव बाँड्दै गुरुङले भन्नुभयो, "केही वर्षअघि मात्रै जङ्गल सफारी, बोट सफारी जस्ता साहसिक गतिविधिमा पुरुष गाइड नै प्रमुख रुपमा देखिन्थे तर अहिले त्यो ठाउँमा महिला नेचर गाइड देखिनु निकै राम्रो र सकारात्मक पक्ष हो।"



गुरुङले भन्नुभयो, "वन्यजन्तु, जैविक विविधता, स्थानीय संस्कृतिलगायतका ज्ञानसँगै यस क्षेत्रमा महिला सहभागिताले पर्यटन व्यवसायमा मात्र होइन, समाजमा पनि सकारात्मक सन्देश प्रवाह भएको छ। महिलालाई हेर्ने दृष्टिकोण पनि बदलिँदै गएको छ।"

वन, वन्यजन्तु र वातावरण संरक्षणका क्षेत्रमा क्रियाशील राष्ट्रिय प्रकृति संरक्षण कोषअन्तर्गतको जैविक विविधता संरक्षण केन्द्रले नेचर गाइड तालिम सञ्चालन गर्दै आएको छ। जैविक विविधता संरक्षण केन्द्र, सौराहाका वरिष्ठ रेन्जर ऋषि सुवेदीले पर्याप्त ज्ञान, आत्मविश्वास र लगावका साथ नेचर गाइड महिला यस क्षेत्र प्रवेश गरेको बताउनुभयो।

"कुनै समय शून्य सहभागिता हुने नेचर गाइड तालिममा अहिले महिलाको गर्विलो सहभागिता हुँदै व्यावसायिकतमा दक्ष जनशक्तिका रुपमा देख्न पाएका छौँ। यो खुसीको कुरा हो, उनीहरुलाई अब आवश्यक तालिम दिएर थप चुनौतीको सामाना गर्न सक्ने बताउनुपर्छ।"

उहाँका अनुसार, विक्रम संवत् २०४६/४७ देखि औपचारिक रूपमा सञ्चालनमा आएको नेचर गाइड तालिम सुरुमा विदेशी स्वयंसेवीहरूद्वारा प्रदान गरिन्थ्यो। जब निकुञ्ज नियमावलीमा 'तालिम प्राप्त नेचर गाइडले मात्र पर्यटक घुमाउन पाउने' व्यवस्था गरियो, त्यसपछि कोषले १५ दिने पाठ्यक्रम तयार गरी वातावरण मन्त्रालयबाट स्वीकृति लिएर तालिम दिन थाल्यो।

तालिम प्राप्त नेचर गाइडबाट जङ्गल क्षेत्रभित्र हुने वन्यजन्तु चोरी-निकासीलगायतका अन्य कुराको पनि सूचना आउने भएकाले वन तथा वन्यजन्तु संरक्षणमा पनि नेचर गाइड भूमिका महत्वपूर्ण हुने उहाँको भनाइ छ।

तालिममा सहभागी हुन कम्तीमा एसइई उत्तीर्ण गर्नुपर्ने हुन्छ। स्थानीय तथा मध्यवर्ती क्षेत्रका व्यक्तिहरूलाई प्राथमिकता दिइन्छ। तालिमपछि लिखित तथा अन्तर्वार्ता परीक्षामा कम्तीमा ६० प्रतिशत अङ्क ल्याउनुपर्ने हुन्छ। उक्त मापदण्ड पूरा गरेपछि मात्र नेचर गाइडका लागि योग्य मानिन्छ। तालिम कोषले आफ्नै स्रोत र साधन प्रयोग गरेर सञ्चालन गर्दै आएको हो। विभिन्न सरोकारवाला संस्थाहरूले पनि समय-समयमा तालिमको माग गर्ने गरेका छन्।

हालसम्म एक हजार ६०० देखि एक हजार ७०० जनाले तालिम लिइसकेका छन्। महिलाको सङ्ख्या १० देखि १५ प्रतिशतको हाराहारीमा छ। नेचर गाइडले मासिक रु ३० हजारदेखि ५० हजारसम्म आम्दानी गरिरहेका छन्। पर्यटकलाई पूर्ण दिनको गाइडिङ गरेबापत रु एक हजार ५०० देखि दुई हजारसम्म पारिश्रमिक प्राप्त हुन्छ भने आधा दिनको ८०० देखि एक हजारसम्म हुने गर्दछ। भारतलगायत अन्य देशमा समेत यहाँबाट तालिम लिएका गाइडले रोजगारी पाएका उदाहरणहरू रहेको सुवेदीले बताउनुभयो।

श्री सिस्टर एड्भेन्चर ट्रेकिङ एन्ड महिला सशक्तिकरण नेपालकी संस्थापक लक्की कार्की परम्परागत रूपमा पुरुषहरूको वर्चस्वमा सीमित पेसामा महिलाले त्यो सीमालाई तोड्दै अगाडि बढ्नु महिला सशक्तिकरणको नमूना भएको बताउनुहुन्छ।

"महिला नेचर गाइडहरू आफ्नो पेसा मात्र निर्वाह गरिरहेका छैनन्, उनीहरूले स्थानीय समुदायमा सकारात्मक परिवर्तन ल्याउने प्रेरणादायी शक्ति बनेका छन्। फरक क्षेत्रमा पनि महिला अब्बल छन् भन्ने उदाहरण बनेका छन्," कार्की भन्नुहुन्छ, "पहिले महिलालाई संरक्षणको विषय बनाइन्थ्यो, आज उनीहरू संरक्षणका संवाहक बनेका छन्, हिजो सीमित भूमिका दिइन्थ्यो, आज नेतृत्वदायी र चुनौतीपूर्ण भूमिकामा देखापरिरहेका छन्।" कार्कीले महिला गाइडहरूको आत्मविश्वास, अनुभव, ज्ञान सीप, लगाव समझदारीले नेपालको पर्यटनलाई अझ सुरक्षित, समावेशी र आत्मीय बनाउन भूमिका खेलेको बताउनुभयो।रासस

# आउँदो मनसुन अनि सम्भावित महामारीको जोखिम



डा शेरबहादुर पुन

"यो वर्ष कुन सङ्क्रमण प्रकोप/महामारीका रुपमा देखिएला?" यो प्रश्नको तत्काल सटिक उत्तर त नहोला तर विगतको अनुभव अनि कमजोरीबाट भने सम्भावित सङ्क्रमण महामारीको अनुमान गर्न भने सकिन्छ। नेपालले बर्सेनि विशेषतः मनसुनको समयमा कुनै न कुनै प्रकोपको सामना गर्दै आइरहेको इतिहास छ। यसमा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपले थप समस्या दिएको देखिन्छ। एक दशकअगाडिसम्म पानीजन्य सङ्क्रमणको महामारी बढी देखिने गर्दथ्यो भने पछिल्ला केही वर्षयता तुलनात्मक रुपमा कीटजन्य रोगले तीव्र गति लिइरहेको देखिन्छ। यद्यपि पानीजन्य सङ्क्रमणको जोखिमपूर्ण रुपमा नियन्त्रणमा आइसकेको भन्न खोजिएको भने होइन। अब चाँडो नेपालमा मनसुनको प्रवेश हुँदै गर्दा मौसमी महामारीको जोखिम पनि बढ्दै गइरहेको छ। विगतका अनुभवहरुका आधारमा सम्भावित महामारीको विश्लेषण यहाँ गर्न खोजिएको हो।

### डेङ्गु

केही दिनअगाडि समकक्षीहरुसँग बसिरहेको बेला लामखुट्टे अघिपछि गरिरहेको थियो। मनसुन भित्रिसकेको त छैन तर लामखुट्टे सक्रिय हुनु केही अस्वाभाविक तर बढी चिन्ताको विषय भने पक्कै मान्नु पर्दछ। स्मरण रहोस्, सन् २०१९ मा धरानमा डेङ्गु अचानक फैलँदा नेपालमा मनसुन प्रवेश गरिसकेको अवस्था थिएन। अर्थात् त्यो बेला बेमौसमी झरी पर्दा लामखुट्टेको अस्वाभाविक वृद्धि अनि एकपछि अर्को जिल्ला हुँदै डेङ्गु अन्तत्वोगत्वा काठमाडौँसम्म आइपुग्दा काठमाडौँवासीले पहिलोपटक डेङ्गुको ठूलो चुनौतीको सामना गर्नु परेको थियो। आधिकारिक तथ्याङ्कलाई हेर्ने हो भने हाल केही वर्षयता लगभग १२ महिनाजसो डेङ्गु देखिन थालेको छ। ठूलो र लामो महामारीको रुप लिने हो भने मनसुन सुरु भएदेखि नै डेङ्गु फैलन थाल्ने गरेको अनि कुनै निश्चित ठाउँमा प्रकोपको रुप लिँदा भने 'पोष्ट मनसुन' अर्थात् दसैँ-तिहार पछि डेङ्गु देखिने गरेको लेखकको अनुभव छ। सन् २०२२ मा डेङ्गुले काठमाडौँमा विनाशकारी महामारी निम्त्याएको थियो। यो सन् २०१९ पछि तीन वर्षको अन्तरालमा देखिएको सबैभन्दा ठूलो महामारी थियो। नेपालको तथ्याङ्कलाई हेर्ने हो भने दुईदेखि तीन वर्षको अन्तरालमा डेङ्गुले प्रकोप/महामारीको स्वरुप लिने गरेको छ। प्रत्येक महामारीसँगै भाइरसको सङ्क्रामकता, आक्रमकता र जटिलता पनि बढ्दै गएको देखिन्छ। यसर्थ पनि अब काठमाडौँमा डेङ्गुले कुनै पनि समयमा नयाँ महामारीको लहर निम्त्याउन सक्ने प्रबल सम्भावनालाई नकार्न सकिँदैन। र, त्यो विगतको भन्दा अझ बृहत् नहोला भन्न सकिँदैन। तर, दुर्भाग्य नै भन्नुपर्छ कि हामीले अझ पनि डेङ्गु रोक्ने उपायहरुलाई गम्भीरताका साथ लिने वा नियन्त्रणका लागि पर्याप्त प्रयास गरेको भने देखिँदैन।

### स्क्रब टाइफस

यो रोग 'ओरिएनटा सुसुगामुसी' नामक ब्याक्टेरियाका कारणले हुने गर्दछ। यो चिगर माइट नामक किर्नाको टोकाइका कारणबाट हुने कीटजन्य रोग हो। सन् २०१५ मा केही बालबालिकाको मृत्यु स्क्रब टाइफसले भएको प्रमाणित भएपछि यसले नेपालमा विशेष चर्चा पाएको हो। कतिपयले २०७२ सालको भूकम्पले गर्दा यो रोग फैलिएको/देखिएको भने तापनि यो ब्याक्टेरिया दुई दशकअगाडि नै नेपालमा देखिइसकेको अध्ययन-अनुसन्धानहरुले देखाएका छन्। तर, धरान घटनाअगाडिसम्म स्क्रब टाइफस नियमित परीक्षणमा समावेश नहुने हुँदा यसको अवस्थाका बारेमा सन् २०१५ अगाडि अनभिज्ञ नै देखिन्छ। नेपालमा बर्सेनि विशेष गरेर मनसुन 'सिजन'मा स्क्रब टाइफसको सक्रियता बढी देखिने गरेको अस्पताल तथ्याङ्कहरुले देखाउँछन्। केहीको उपचारमा ढिलाइ हुँदा वा उपचारका क्रममा मृत्युसमेत हुने गरेको देखिन्छ। विशेषतः गाउँघरतिर अथवा वनजङ्गल जाँदा (घाँसदाउरा काट्न जाँदा) अथवा पछिल्लो समय शहरमा हाइकिङमा जाने बढ्दो प्रचलनले पनि स्क्रब टाइफसको जोखिम बढेको देखिन्छ। कुनै कारणले अग्ला वा ठूला झाडीमा वा घाँसेमैदानको सम्पर्कमा आउँदा मानिसमा चिगर माइट टाँसिने अनि त्यसले टोक्ने गर्दछ र स्क्रब टाइफस रोगको सम्भावना बढेर जाने गर्दछ। अहिले पनि धेरैले ज्वरोलाई बेवास्ता गर्दा स्क्रब टाइफसले जटिल अवस्था लिएको देखिन्छ। स्क्रब टाइफससम्बन्धी जानकारीलाई अझै प्रभावकारी रुपमा प्रचार गर्नुपर्ने खाँचो छ।

### हैजा

दुई दशकअगाडि काठमाडौँमा हैजाका बिरामी नियमित जस्तो देखिन्थे। नियमित मात्र होइन मनसुन सुरु भएसँगै अस्पताल नै भरिभराउ हुने गर्दथ्यो। घण्टा बित्न नपाउँदै ४०/५० जना अस्पताल भर्ना हुन आउने गरेको लेखकको अनुभव छ। हाल त्यो भयावह अवस्था छैन तर हैजालाई नेपालमा इतिहासमा सीमित राख्न सकेको अवस्था पनि छैन। काठमाडौँमा अहिले पनि हैजा नियमित जस्तो देखिने गरेको पाइन्छ। केही वर्षपहिले हैजाका कारणले नवलपरासीमा केही बिरामीको मृत्यु भएको थियो। हैजा कडा भएको अवस्थामा पनि तुरुन्तै उपचार पाए मृत्युको सम्भावनालाई घटाउन सकिन्छ। तर, भौगोलिक रुपमा विकट एवं दुर्गम ठाउँहरुमा जटिल प्रकृतिको हैजा देखिए त्यसबाट व्यक्तिको मृत्यु पनि हुने सम्भावना रहन्छ। किनभने त्यस्ता ठाउँबाट बिरामीलाई सुविधासम्पन्न अस्पतालसम्म समयमा ल्याउन कठिन हुने गर्दछ। जस्तै, सन् २००९ को अप्रिल-जुलाई महिनामा जाजरकोटमा १११ जनाको हैजाका कारण ज्यान गयो। जाजरकोटमा धेरै पटक हैजा दोहोरिएको पनि देखिन्छ। अर्थात् हामीले यो घटनाबाट पाठ सिकेको वा गम्भीर भएको देखिँदैन। हाल हैजा फैलने तरिका वा स्रोतमा पनि केही फरक देखिन थालेको छ। हैजा मुख्यतया पानी अनि सङ्क्रमित खानेकुराबाट फैलने गर्दछ। पछिल्लो समय मानिसहरु पानी र खानेकुरामा केही हदसम्म सजक हुन थालेका देखिन्छन्। तर, बजारमा पाइने कतिपय जारका वा बोतलमा राखिएका पिउने पानीमा नियमितजसो कोलिफोर्म भेटिएका खबर आइरहेका छन्। अर्थात् यसलाई दिसा मिसिएको पानी घरघर पुग्ने गरेको सङ्केतका रुपमा लिन सकिन्छ। यस्ता पानी निर्मलीकरण गरेर नपिउने भएकाले हैजाको जोखिम बढेको हो। त्यस्तै केही दिनयता झिङ्गा पनि यत्रतत्र देखिन सुरु भएको छ। झिङ्गा पनि हैजा फैलाउने एक माध्यम हो। विगतमा झिङ्गाबाट रोग फैलिन्छ भनेर नियमित रुपमा जानकारीहरु प्रवाह भइरहन्थ्यो, तर आजभोलि यस्तो प्रचारमा कमी आएको छ। त्यस्तै व्यावसायिक पानीको नियमित तथा प्रभावकारी अनुगमन नहुँदा हैजाको जोखिम यथावत् देखिन्छ र यसबाट प्रकोप/महामारीको सम्भावनालाई बढाएको छ।

### जापानिज इन्सिफलाइटिस

लामो समयको अन्तरालपछि नेपालमा गत वर्ष जापानिज इन्सिफलाइटिस अस्वाभाविक रुपमा बढेको थियो जसका कारण कम्तीमा १४ जनाको ज्यान गएको थियो। यो अघिल्लो वर्षको भन्दा दोब्बर थियो। त्यस्तै यस भाइरसबाट ६० भन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए। यसबाट जापानिज इन्सिफलाइटिसले 'स्टेप ल्याडर' तरिकाले पुनः देखिने गर्दै गइरहेको देखिन्छ। त्यसो भए "के यो वर्ष पनि सङ्क्रमित र मृत्युदरको सम्भावना छ त?" भन्ने प्रश्न गम्भीर रुपमा देखा परेको छ। यो प्रश्नको उत्तर केही हदसम्म बर्सेनि बढ्दो सङ्क्रमणको कारण र फैलन रोक्ने पूर्वतयारीको अवस्थाले तय पनि गर्नेछ। यो भाइरसविरुद्ध प्रयोग भएका खोपको प्रभावकारिताको अवधि वा खोपले निरन्तरता पाए/नपाएको जानकारी पनि महत्वपूर्ण हुनेछ। जापानिज इन्सिफलाइटिस फैल्याउने लामखुट्टे मनसुनमा सक्रिय भइरहेको अवस्थाको सङ्केत गत वर्ष देखिएको जापानिज इन्सिफलाइटिस बिरामीको सङ्ख्याबाट पनि अनुमान गर्न सकिन्छ। यसर्थ यो वर्ष पनि विगतको वर्षभन्दा फरक हुने सम्भावना कमै छ।

### श्वासप्रश्वास सङ्क्रमण

बर्सेनि मनसुनको मध्यतिर श्वासप्रश्वास सङ्क्रमण विशेषत फ्लु भाइरसको लहर देखिने गर्दछ। विगतको अनुभवलाई आधार मान्ने हो भने फ्लु भाइरसले बेलाबेलामा महामारीको रुप समेत लिने गरेको देखिन्छ। कोभिड-१९ अगाडि 'एचवानएनवान पिडिएम ०९' नामक फ्लु भाइरस प्यानडेमिक घोषणा भएको थियो। सन् १९१८ मा पनि 'स्पेनिस फ्लु' को नामले चिनिने फ्लु भाइरसले अनुमानित पाँच करोड मानिसको ज्यान लिएको तथ्याङ्क छ। हुन त नेपालमा यसलाई 'भाइरल' वा सामान्य रुघाखोकीका रुपमा लिने चलन भए तापनि ज्येष्ठ नागरिक, दीर्घरोगी, बालबालिकाको स्वास्थ्यलाई जटिल बनाउने गरेको देखिन्छ। फ्लुविरुद्ध उपलब्ध खोपले सङ्क्रमणलाई जटिल हुनबाट रोक्न धेरै हदसम्म सहयोगी हुने गर्दछ। फ्लु सक्रिय भएको अवधिभरि बाहिर वा सार्वजनिक स्थानमा जाँदा मास्क लगाउने तथा घरमा आएपछि राम्ररी साबुनपानीले हात धुने बानीले पनि सङ्क्रमण रोक्न धेरै हदसम्म सहयोगी हुनेछ। यस्ता जानकारीहरु विभिन्न सञ्चारका माध्यममार्फत निरन्तर जानकारी दिने अनि विद्यालयमा पनि विद्यार्थीलाई अनिवार्य सिकाउन सके अझ प्रभावकारी हुनेछ।

### अज्ञात वा आयातित सङ्क्रामक रोग

नेपालमा हाल पनि औंलामा गन्न सक्ने सरुवा रोगलाई वा सङ्क्रमणलाई नियमित परीक्षणमा समावेश गर्ने गरिन्छ। यसर्थ पनि अधिकांश बिरामीमा ज्वरोका कारण पत्ता लाग्ने गरेको पाइन्न। नेपालीहरु हरेक हप्ता हजारौँको सङ्ख्यामा रोजगारीका लागि विदेश जाने गर्दछन्। त्यहाँबाट नेपालमा पहिला नदेखिएका सङ्क्रमणहरु भित्रिन सक्ने जोखिम उच्च हुने गर्दछ। कोभिड-१९, अफ्रिकी मलेरिया, चण्डीपुरा भाइरस जस्ता भाइरसहरु नेपालमा पछिल्लो समय भित्रिएका केही रोगहरुका नाम हुन्। जिका भाइरस, निपाह भाइरस, क्यासिनुर फोरेस्ट डिजिज (मङ्की ज्वरो), मर्स कोरोना भाइरसजस्ता सङ्क्रामक रोगहरु छिमेकी देश भारत वा मध्यपूर्वका देशहरुमा देखिँदै आइरहेका छन् जुन नेपालका लागि पनि जोखिम मान्नु पर्दछ। यी सङ्क्रमणहरु नियमित परीक्षणको सीमितताले गर्दा नेपाल भित्रिएका वा भित्रिनसकेका भनेर यकिन भने गर्न सकेको छैन। हाल नभित्रिएको रहेछ भने पनि आगामी दिनहरुमा भित्रिँदैन भन्ने कुनै आधार पनि देखिँदैन।

# गणतन्त्रलाई संस्थागत गर्न फोटो पुस्तक उपयोगी : पूर्व राष्ट्रपति यादव

काठमाण्डु । गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामबरण यादवले गणतन्त्रलाई संस्थागत गर्न रासस फोटो पुस्तक महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

ललितपुरको भैँसेपाटीस्थित निवासमा सोमबार राष्ट्रिय समाचार समिति (रासस) द्वारा प्रकाशित 'रासस फोटो किताब : गणतन्त्रको १६ वर्ष' ग्रहणका क्रममा प्रथम राष्ट्रपति डा यादवले गणतन्त्र स्थापनापछि केही भएन भन्नेहरुका लागि तस्बिर सङ्गहित पुस्तक गतिलो जवाफ भएको बताउनुभयो । उहाँले गणतन्त्रपछिको पछिल्लो अवधिमा 'मुलुकमा विकास निर्माणको अवस्था कस्तो छ, प्रगति के भए, सांस्कृतिक पक्ष कुन अवस्थामा छ र ती सम्पादको संरक्षण र निरन्तरता' लगायतका विषयवस्तुलाई समेटेर तयार गरिएको फोटो पुस्तक अत्यन्त उपयोगी भएको धारणा व्यक्त गर्नुभयो ।



प्रथम राष्ट्रपति डा यादवले भन्नुभयो, "राससले प्रकाशन गरेको फोटो पुस्तक आफैमा महत्वपूर्ण छ, पुस्तकले केवल तस्बिर, संस्कृति र विकास निर्माणका बारेमा मात्र बोल्दैन, नयाँ र पुराना पुस्तालाई जोड्ने काम पनि गरेको छ। अहिलेका नयाँ पुस्तालाई इतिहासको विभिन्न कालखण्डका रीतिरिवाज, चालचलन र विकास निर्माणसँग सम्बन्धित गतिविधिलाई समेत जानकारी गराउन यो पुस्तक अत्यन्त महत्वपूर्ण दस्तावेदका रुपमा स्थापित हुनेछ।"

फोटो पुस्तक हस्तान्तरण गर्दै राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले गणतन्त्र प्राप्तिपछिको उपलब्धिसहित विकास निर्माणको झलक दिने फोटो पुस्तक गणतन्त्रको संस्थागत विकासका पक्षमा उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो। गणतन्त्र दिवसका उपलक्ष्यमा राससद्वारा गत दुई वर्ष आयोजित प्रदर्शनीमा राखिएका तस्बिरहरूलाई समेटेर पुस्तक प्रकाशित गरेको जानकारी दिँदै कार्यकारी अध्यक्ष झाले यसअघि जस्तै कुनै एक विषयमा केन्द्रित भई तस्बिर प्रदर्शनी जस्तो रचनात्मक कार्यक्रमलाई निरन्तरता दिने बताउनुभयो।

उक्त पुस्तकमा देशका सबै जातजाति, भाषाभाषी, भूगोल, धर्म, संस्कृति र पूर्वाधार निर्माणका क्षेत्रमा भइरहेका गतिविधिलाई समेटेर ९० फोटो पत्रकारले खिचेका एक सय ८२ वटा तस्बिर समावेश छन् ।पुस्तक हस्तान्तरण कार्यक्रममा राससका महाप्रबन्धक सिद्धराज राई, राससका वरिष्ठ कार्यकारी व्यवस्थापक शीतलप्रसाद महतो, राष्ट्रिय कर्मचारी सङ्गठन राससका अध्यक्ष प्रेमप्रसाद उपाध्याय र फोटो पत्रकार विकल्प दाहालको उपस्थिति थियो।रासस

# आवश्यक पहल हुन जरूरी छः अध्यक्ष दाहाल



काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले देशैभरि सुरक्षित पर्यटन तथा सार्वजनिक स्थानको उचित संरक्षणका लागि राज्यका तर्फबाट आवश्यक पहल हुन जरूरी रहेको बताउनुभएको छ।

ताप्लेजुङमा अवस्थित पाथीभरा देवी (मुक्कुमलुङ) जाँदै गरेको सवारीसाधनमा करेन्ट लाग्दा तीर्थालुहरूको निधन भएको घटनाले यस्तै पाठ सिकाएको उहाँको भनाइ छ । सामाजिक सञ्जालमार्फत अध्यक्ष दाहालले घटनामा तीर्थयात्री दुर्गा भट्टराई, आध्या आचार्य, सरिता पौडेल र विनोद पौडेलको मृत्यु भएको दुखद् घटनाले स्तब्ध भएको उल्लेख गर्नुभयो।

उहाँले मृतक परिवारलाई क्षतिपूर्ति र घाइतेको निःशुल्क गुणस्तरीय उपचारका लागि सरकारसमक्ष मागसमेत गर्नुभयो । उहाँले भन्नुभयो, "देशैभरि सुरक्षित पर्यटन तथा सार्वजनिक स्थानहरूको उचित संरक्षणका लागि राज्यका तर्फबाट आवश्यक पहल हुन जरूरि छ भन्ने पाठ यो घटनाले सिकाएको छ, मृतक परिवारलाई क्षतिपूर्ति र घाइतेको निःशुल्क गुणस्तरीय उपचारका लागि सरकारसमक्ष माग गर्दछु।"रासस

# शिक्षकले उठाएका माग समाधानमा सरकार गम्भीर छ : ऊर्जामन्त्री खड्का



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले शिक्षकले उठाएका माग समाधानमा सरकार गम्भीर भएको बताउनुभएको छ।

मन्त्री खड्काले सोमबार गृहजिल्ला संखुवासभाका शिक्षकसँग सोमबार यहाँ गरेको अन्तरक्रियामा आन्दोलनरत शिक्षकको जायज मागप्रति सरकार सकारात्मक रहेको बताउनुभयो। शिक्षकहरूले उठाएका मागहरू समाधान गर्न शिक्षामन्त्री, प्रधानमन्त्री तथा सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ थियो।

"प्रधानमन्त्री, मन्त्री वा जुनसुकै तहको नेतृत्वमा पुग्दा शिक्षकको योगदान अविस्मरणीय छ, शिक्षकहरू सधैँ सम्मानित र आदरणीय पात्र हुनुहुन्छ", उहाँले भन्नुभयो । उहाँले संविधान निर्माणदेखि गणतन्त्र स्थापनासम्मको यात्रा शिक्षकको योगदान महत्त्वपूर्ण भएको उल्लेख गर्नुभयो।

"माओवादी जनयुद्ध, विभिन्न द्वन्द्व, भूकम्प, कोरोना महामारी तथा विश्वव्यापी आर्थिक असन्तुलनका समयमा शिक्षक मात्र होइन, सम्पूर्ण राष्ट्र प्रभावित भयो, अहिलेको आर्थिक सुधारको चरणमा शिक्षकको आन्दोलनले विकासमा अवरोध पुऱ्याउन सक्छ, त्यसतर्फ पनि सरकारले हेर्नुपर्ने अवस्था छ," मन्त्री खड्काले भन्नुभयो। उहाँले मुलुक निर्माणमा सरकार पक्ष वा विपक्ष सबैको भूमिका उत्तिकै महत्वपूर्ण हुने भएकाले सबैले सघाउनुपर्ने बेला आएको बताउनुभयो। मन्त्री खड्काले ऐन संशोधनजस्ता विषयहरू कानुनी प्रक्रिया भएकाले ढिलो हुन सक्ने भएकाले विगतमा भएका सहमति कार्यान्वयनको प्रयासमा सरकार गम्भीर रहेको स्पष्ट पार्नुभयो।

वार्ता र छलफल नै समस्या समाधानको एकमात्र उपाय हो, शिक्षकहरूको आन्दोलन जायज भए पनि सडक आन्दोलनको अवस्थामा गणतन्त्र विरोधी शक्तिहरूले फाइदा उठाउन सक्ने सम्भावनालाई आन्दोलनरत पक्षले पनि विचार गर्नुपर्ने उहाँको भनाइ थियो।

मन्त्री खड्काले आन्दोलनका कारण विद्यार्थीहरू शिक्षाबाट वञ्चित नहोस् भन्ने चिन्तामा सरकार रहेको बताउनुभयो । आन्दोलनलाई वार्तामार्फत समाधान गर्न आन्दोलनरत पक्षलाई उहाँले पुनः आग्रह गर्नुभयो।

नेपाल शिक्षक सङ्घ कोशी प्रदेशका अध्यक्ष तेजप्रसाद चौलागाईंले शिक्षकहरूको मागलाई सरकारले बेवास्ता गर्न नहुने भन्दै मन्त्रीमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले २० दिनदेखि शिक्षकहरू मर्यादित तरिकाले सडक सङ्घर्षमा रहेको भन्दै सरकार गम्भीर हुनुपर्ने बताउनुभयो।रासस

# निजामती विधेयकमाथिको छलफल अन्तिम चरणमा

काठमाण्डु । प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिमा झण्डै नौ महिनादेखि छलफलमा रहेको सङ्घीय निजामती विधेयक अन्तिम चरणमा पुगेको छ।

समिति सभापति रामहरि खतिवडाका अनुसार प्रस्तावित विधेयकमा कर्मचारीको उमेरहद, कुलिङ पिरियड, अतिरिक्त सचिव तथा प्रदेश र स्थानीय तहमा १० वर्षसम्म सङ्घले सचिव र कार्यकारी खटाउनेलगायतका विषय निष्कर्ष नजिक पुगेको छ।

"धेरै कुरा सम्बोधन भएका छन्, आउँदो अधिवशेनमा सदनमा निजमती विधेयक प्रस्तुत गर्ने तयारी छ", उहाँले भन्नुभयो। नेपाली कांग्रेसका सांसद दीलेन्द्रप्रसाद बडुको संयोजकत्वमा उपसमिति बनाएरै विधेयकमाथि छलफल गरिएको थियो।

समितिले विज्ञ, कर्मचारी, संवैधानिक आयोग, ट्रेड युनियन तथा सरोकारवाला पक्षसँग पटकपटक घनिभूत छलफल गर्दै आइरहेको छ। प्रशासनिक सङ्घीयता कार्यान्वयनका सन्दर्भमा महत्वपूर्ण माननिएको यो विधेयक समितिमा नौ महिनादेखि गहन छलफलमा थियो।

समितिको सोमबारको बैठकमा सभापति खतिवडाले विधेयक अन्तिम चरणमा पुऱ्याउने कोसिस गरिरहेको बताउनुभयो। रासस



# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा गौर, रौतहटको २१ दिने सूचना

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

| क्र.सं. | कर्जा ग्राहकको नाम | मिसिल नं. | ठेगाना | ग्राहकको पिता/पतिको नाम | बाजे / ससुराको नाम | उद्देश्य | साँवा रकम रु. | २०८१ चैत्र म. सम्मको व्याज रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | राजेश प्रसाद पटेल | ११४६४ | इनर्वा ०१, रौतहट | कपिल देव राउत कुर्मी | लखीचन राउत कुर्मी | कृषि उपज बेचविखन कर्जा | १९९,१४२।०० | ६४,००९।१८ | २६३,१५११८ |
| २ | तेतरी कुर्मिनी | ७१९९ | अजगैवी ०९, रौतहट | अनुठा राउत कुर्मि | सुरत राउत कुर्मी | तरकारी खेती | ३६९२८।४२ | १८९४३।१ | ५५८७१।५२ |
| ३ | उमेश प्रसाद साह | १०५२० | जोकहा ०९, रौतहट | राजदेव साह | धुपलाल साह | व्यापार कर्जा | २००,०००।०० | २१९,२५६।३० | ४१९,२५६।३० |
| ४ | रोशन कृषि फर्म ( प्रो. विरेन्द्र साह ) | ११६३३ | माधोपुर ०८, रौतहट | विखर साह | पल्टन साह | हायर पर्चेज कर्जा | १८३५९१९।७५ | २८१००७५२ | २११६९२७२७ |
| ५ | रीना देवी | ११०८६ | झुन्खुन्वा ०४, रौतहट | राम सजिवन ठाकुर हजाम | पाँच ठाकुर | कृषि उपज बेचविखन कर्जा | १२५००० | २२१०३।४६ | १४७१०३।४६ |
| ६ | रितिका पोल्ट्री फर्म (प्रो. पुजा कुमारी गुप्ता) | ११८३९ | राजदेवी ०२, रौतहट | राजेश कुमार साह | तेज नारायण साह | पशुपन्छीपालन कर्जा | २९०५५४।२१ | २०५५०।६४ | ३१११०४।८५ |
| ७ | विशाल कन्सट्रक्सन (प्रो. बुनीलाल राय यादव) | ११६९६ | मौलापुर ०६, रौतहट | टैट राय यादव | बुधन राय यादव | जमानत दावी कर्जा | २५१३८८१।१ | ७४४८८४।२५ | ३२५८७६५।३५ |
| ८ | गौतम ऋषी कन्सट्रक्सन (प्रो. ब्रम्ह नारायण प्रसाद यादव ) | ११७७७ | कटहरिया ०५, रौतहट | जिम्दार राय यादव | जंगली राय | जमानत दावी कर्जा | ५६९१७४४।७९ | १५३५६९५।४३ | ७२२७४४०।२२ |
| ९ | रामेश्वर सहनी | १०५५२ | टिकुलिया ०७, रौतहट | रिझन सहनी | पुनी सहनी | कृषि उपज बेचविखन कर्जा | १०००००।०० | १३२२५।९९ | ११३२२५।९९ |
| १० | आशिष किराना पसल (प्रो. सुदामी देवी मुखिया ) | ११८६७ | यमुनामाई ०३, रौतहट | पतिः उमाकान्त मुखिया | ससुराः सीता मुखिया | व्यापार कर्जा | ९०००००।०० | १७८८८९।६७ | १०७८८८९।६७ |
| ११ | साजन कस्मेटिक गिफ्ट कर्नर (प्रो. सलेन्द्र प्रसाद पटेल ) | ११८७० | सरमुजवा ०७, रौतहट | खेदु राउत कुर्मी | भोला राउत | व्यापार कर्जा | १००००००।०० | १७९२७५।४४ | ११७९२७५।४४ |
| १२ | आचल ट्रेडर्स (प्रो. रामरती देवी ) | ११८१४ | औरैया ०८, रौतहट। | रामचन्द्र राउत | शिव गोविन्द राउत | व्यापार कर्जा तथा जमानत दावी कर्जा | ७१०२००१।५५ | १२००५५६।६० | ८३०२५५८।१५ |
| १३ | राज कन्सट्रक्सन (प्रो. राज कुमार प्रसाद साह तेली ) | ११६९७ | सरुअठा ०१, रौतहट | चुल्हाई साह | तपसी साह | जमानत दावी कर्जा | १००१८१५।३४ | १३४३९२।७८ | ११३६२०८।१२ |
| १४ | जादोलाल राय यादव | ८८८९ | विसुनपूर्वा मानपुर ०९, रौतहट | राम लखन राय यादव | धनई राय यादव | सरल कृषि कर्जा | ५०००००।०० | ११४०३६।९६ | ६१४०३६।९६ |
| १५ | सुकृत राउत कुर्मि | ७४४० | इनर्वा ०४, रौतहट। | शिव गोविन्द राउत | जुगुल राउत | कृषि उपज बेचविखन कर्जा | २०००००।०० | २५८६८।७६ | २२५८६८।७६ |
| १६ | रेहान ट्रेडर्स (प्रो. मो. सनाउल हक ) | ११६२० | गौर ०१, रौतहट। | शेख हामिद अली | शेख अब्दुल हफिज | व्यापार कर्जा | १६५००००।०० | ३७३९०३।१८ | २०२३९०३।१८ |
| १७ | सहनाज वेगम | ८६०३ | जिंगडवा वेलविछ्वा ०७, रौतहट | पतिः मो. मामुन रसिद | बुबाः अवदुल रउफ | व्यापार कर्जा | १००००००।०० | २८४५०६।१५ | १२८४५०६।१५ |
| १८ | कुन्दन किराना पसल (प्रो. सुनिता देवी ) | १२०५२ | परोहा ०४, रौतहट | राम अशिष राय यादव | सोना राय यादव | व्यापार कर्जा | ४८४५००।९७ | १५४३६।०१ | ४९९९३६।९८ |
| १९ | पोलिन्द्र पासवान | ११६८६ | गौर ०२, रौतहट | सत्य नारायण पासवान | पम्पाली पासवान | सरल कृषि कर्जा | १८५५६४।२९ | १७५६१।११ | २०३१२५।४० |
| २० | जयसवाल कृषि फर्म (प्रो. विसुन दयाल प्रसाद कल्वार ) | ११९७७ | इनर्वा ०७, रौतहट | गोनौर साह | प्रगास साह | पशुपन्छीपालन कर्जा | १००००००।०० | १५९२४०।२८ | ११५९२४०।२८ |
| २१ | विस्मिल्लाह किराना स्टोर (प्रो. शेख महमद हुसैन ) | ११८८४ | ईशनाथ ०८, रौतहट | शेख इसहाक | शेख गुदर | व्यापार कर्जा | १००००००।०० | १३७६४०।२२ | ११३७६४०।२२ |
| २२ | सोनाक्षी ट्रेडर्स (प्रो. मुकुन्द साह ) | ११५७५ | गंगा प्रिपा ०३, रौतहट | ब्रहम नारायण साह | अनुठा साह | व्यापार कर्जा | ३५०००००।०० | १७२८३४।२७ | ३६७२८३४।२७ |
| २३ | असर्फी ठाकुर हजाम | ८५३३ | नरकटिया ०१, रौतहट | शिवधारी ठाकुर हजाम | महदेव ठाकुर हजाम | सरल कृषि कर्जा | ८९६६७१७ | ७९०४।४१ | ९७५७१।५८ |
| २४ | घोडीदेवी सेलर मिल (प्रो. रामापती देवी ) | ११६२२ | पिपरिया परोहा ०८, रौतहट | राम बाबु राउत बरै | वृज राउत बरै | उद्योग कर्जा | ५०००००।०० | ६१७५१।७६ | ५६१७५१।७६ |
| २५ | इनरपतिया यादवनी | ९३५९ | पिपरिया ०२, रौतहट | दौलत राय यादव | महानन राय यादव | सरल कृषि कर्जा | ३०००००।०० | ४०२७८।९० | ३४०२७८।९० |
| २६ | रेखा देवी कोइरीन | १०४९६ | पिप्रा रजवाडा ०४, रौतहट | रामेश्वर प्रसाद | बाबुलाल भगत | व्यापार कर्जा | १०००००।०० | १०२२४।१९ | ११०२२४।१९ |
| २७ | राम बहादुर साह | १०४३३ | गौर ११, रौतहट | हरिन्दर साह | भगलु साह | सरल कृषि कर्जा | ९५००००।०० | १४८२९।५२ | ९६४८२९।५२ |
| २८ | राजा पशु फर्म (प्रो. मुक्ती लाल प्रसाद पटेल ) | ११९८० | बौधीमाई ०२, रौतहट | रामलोचन राउत | तेज नारायण राउत कुर्मि | सहुलियत कर्जा | १५८०४८८।२७ | ११६१५०।६० | १६९६६३८।८७ |
| २९ | आदर्श ब्रदर्श अन्सारी टेन्ट हाउस (प्रो. असीन अन्सारी ) | ११८२८ | इनरवारी ०४, रौतहट | अनुल मो. अन्सारी | खेलावन मिया | व्यापार कर्जा | ९४४०००।०० | २५११५।८५ | ९६९११५।८५ |
| ३० | जय माँ सन्तोषी टेन्ट हाउस (प्रो. सोनालाल राउत ) | ११८३८ | परोहा ०६, रौतहट | इनरदेव राउत | नथुनी राउत | व्यापार कर्जा | १३००००००।०० | ८५५१५।४५ | १३८५५१५।४५ |
| ३१ | कविता नेटवर्क (प्रो. रविन्द्र साह ) | १०५६१ | राजपुर फरहदवा ०२, रौतहट | सुकदेव साह तेली | इमान साह | उद्योग कर्जा | १८०००००।०० | १९८३१४।०४ | १९९८३१४।०४ |
| ३२ | महारानीमाई कुटानी पिसानी मिल ( प्रो. जिया लाल सहनी ) | ११८०८ | गौर ०७, रौतहट | चेथरु सहनी | चतुरी सहनी | व्यापार कर्जा | ५०००००।०० | २५२६६।९७ | ५२५२६६।९७ |
| ३३ | माँ भगवती हार्डवयर (प्रो. रामेश्वर प्रसाद गुप्ता ) | ११७७० | ईशनाथ ०२, रौतहट | आमिचन साह | मोदी साह | व्यापार कर्जा | १९०००००।०० | ११७६१६।३३ | २०१७६१६।३३ |
| ३४ | धिरज हार्डवयर (प्रो. रामेश्वर साह ) | ११३२३ | झुनखुनवा ०९, रौतहट | जियालाल साह | लछु साह | व्यापार कर्जा | ३०३४०००।०० | २९५५८६।२० | ३३२९५८६।२० |
| ३५ | न्यु राज देवी अटो ट्रेडिङ (प्रो. राम सुन्दर प्रसाद यादव ) | ८४८६ | गौर ०१, रौतहट | राम औतार राय यादव | खहेरु राय यादव | व्यापार कर्जा | १३२५७६९२।३१ | ६०१३०९।७६ | १३८५९००२।०७ |
| ३७ | उमा शंकर दास तत्मा | ११९०६ | ईनर्वा ०५, रौतहट | सिउ सरण दास तत्मा | माझी दास तत्मा | सरल कृषि कर्जा | १००००००।०० | ३४७६८।१४ | १०३४७६८।१४ |
| ३८ | अमन एग्रो सेन्टर (प्रो. जमानुल्लाह मिया रान्की ) | १११६९ | झुनखुनवा ०६, रौतहट | गनी महमद राकी | अव्दुल राँकी | व्यापार कर्जा | २००००००।०० | १९५९९२।०४ | २१९५९९२।०४ |
| ३९ | टि.एन.एफ. मौल (प्रो. मो. असरफ अलि ) | ११९१४ | गौर ०२, रौतहट | मोहम्मद अतिउल्लाह | सकिर मिया कवारी | व्यापार कर्जा | १६०००००।०० | १५११९३।१६ | १७५११९३।१६ |
| ४० | न्यु लक्ष्मी रेडिमेड सेन्टर (प्रो. रंजित कुमार साह तेली ) | ११८४० | गौर ०३, रौतहट | आनन्दी साह तेली | सोना साह तेली | व्यापार कर्जा | १६०००००।०० | ८७६९२।९९ | १६८७६९२।९९ |
| ४१ | हेम कुमार यादव | ८३६९ | औरैया ०७, रौतहट | राम सिंह यादव | महावीर राय | घरायसी कर्जा | ३८०००००।०० | १२०८९।३१ | ३९२०८९।३१ |
| ४२ | शेख ईर्शाद आलम नेपाली | १००११ | रामपुर खाप ०१, रौतहट | शेख बाजुल हक | शेख फरिद | व्यापार कर्जा | २०००००।०० | ८३७१।०४ | २०८३७१।०४ |
| ४३ | कुशवाहा टायल उद्योग (प्रो. प्रमोद महतो कोइरी ) | ११४४८ | गौर ०५, रौतहट | नमोनारायण महतो | मनोहर महतो | व्यापार कर्जा | ६००००००।०० | २१३५५८।३९ | ६२१३५५८।३९ |
| ४४ | श्याम किशोर सिंह | १०५६३ | सिर्सिया ०६, रौतहट | राम बहादुर सिंह | हरद्वार सिंह | घरायसी कर्जा | ३५०,०००।०० | १०८,७५२।७० | ४५८,७५२।७० |

**कृषि विकास बैंक लि.**
प्रदेश कार्यालय बीरगंज

# 'प्रत्येक तीन मिनटमा एक जनाको ज्यान जान्छ'

**बीबीसी**

काठमाण्डु । प्रत्येक दिन भारतीय पत्रपत्रिकाहरू सडक दुर्घटनाका समाचारले भरिएका हुन्छन्। कतै यात्रुबस पहाडका खोँचमा खसेका, कतै मातेका चालकले पैदलयात्रुलाई ठक्कर दिएका, कतै रोकिएका ट्रकमा कार जोतिएका र दुईपाङ्ग्रे साधनलाई ठूला सवारीले ठक्कर दिएका।

दिनैपिच्छे आइपर्ने यस्ता दुःखद घटनाहरूले भारतमा भुसमा फैलिएको आगोजस्तो भित्रभित्रै एउटा डरलाग्दो सङ्कट फैलिएको सङ्केत गर्छन्। सन् २०२३ मा मात्रै भारतका सडकमा १,७२,००० जनाले ज्यान गुमाए। यहाँ औसतमा प्रत्येक दिन ४७४ जना र प्रत्येक तीन मिनटमा एक जनाले ज्यान गुमाइरहेका छन्।

सरकारी तथ्याङ्क सार्वजनिक हुन बाँकी नै रहे पनि सडक तथा पारवहन र राजमार्गमन्त्री नितिन गड्करीले गत डिसेम्बरमा सडक दुर्घटनाको विकराल अवस्थाबारे बोलेका थिए । सन् २०२३ मा भारतमा सडक दुर्घटनामा ज्यान गुमाउनेमध्ये १०,००० बालबालिका थिए। अरू १०,००० को विद्यालय तथा क्याम्पस क्षेत्रमा भएका सडक दुर्घटनामा ज्यान गएको थियो। अनि ज्यान गुमाउने ३५,००० पैदलयात्रु थिए। सडकमा ज्यान गुमाउनेको ठूलो सङ्ख्या दुईपाङ्ग्रे सवारीसाधनमा सवार मानिसको पनि छ। सडक दुर्घटनाको सबैभन्दा प्रमुख कारण तीव्र गति देखिएको छ। न्यूनतम सुरक्षा सावधानी नअपनाएका कारण धेरैको ज्यान गएको छ। उदाहरणका लागि, ५४,००० जनाको हेल्मेट नलगाएका कारण र १६,००० जनाको गाडीभित्र पेटी नबाँधेका कारण ज्यान गएको छ।

अरू प्रमुख कारणहरूमा अत्यधिक भार, चालक अनुमतिपत्र प्राप्त नगरी गाडी चलाउने र गलत लेनबाट गाडी चलाउने जस्ता लापरबाही छन्। त्यो वर्ष भएका ३४,००० वटा दुर्घटनामा संलग्न चालकको लाइसन्स नभएको पाइएको छ।

सन् २०२१ मा पनि १३ प्रतिशत दुर्घटनामा संलग्न चालकको या त लाइसन्स थिएन वा सिकारु अनुमतिपत्र मात्रै थियो। कतिपय सवारीसाधनहरू पुराना भएका कारण दुर्घटनामा क्षति कम गराउन सक्ने एअरब्याग देखि सीटबेल्ट पनि काम लाग्ने अवस्थामा हुँदैनन्।

सडकको यो अव्यवस्थालाई भारतको मिश्रित यातायात प्रणालीले थप जटिल बनाइदिएको छ।

भारतका सडकमा मोटरले तान्ने देखि जनावरले तान्ने गाढा र बसदेखि साइकल तथा रिक्सासम्म एउटै बाटोमा गुडिरहेका हुन्छन्। अनि पैदलयात्रुदेखि जनावरसम्म सडकमै हिँडिरहेका भेटिन्छन्।

सडकमा पसल थाप्ने वा अन्य व्यवसाय गर्नेहरूले पैदलयात्रुका लागि राखिएको ठाउँ कब्जा गरेर सामान फिँजाएका कारण मानिसहरू गाडी हिँड्ने ठाउँबाट हिँड्न बाध्य हुन्छन्। त्यसले ट्राफिक व्यवस्थापन अझै जटिल बनेको देखिन्छ। कैयौँ प्रयास र लगानीका बावजुद पनि भारतको सडक विश्वमै असुरक्षितमध्ये पर्छ। विज्ञहरूका अनुसार यो सङ्कटका पछाडि पूर्वाधार मात्रै नभएर मानिसको व्यवहार र नियम पालना गराउने कुरामा कमी अनि प्रणालीगत बेवास्ताजस्ता कारणहरू पनि छन्।

सडक दुर्घटनाका कारण भारतलाई देशको कुल गाहस्र्थ्य उत्पादन (जीडीपी)को तीन प्रतिशत आर्थिक बोझ थपिएको छाअमेरिकापछि सबैभन्दा ठूलो सडक सञ्जाल भएको देश भारत हो। भारतमा ६६ लाख किलोमिटर लामो सडक सञ्जाल छ। त्यसमध्ये राष्ट्रिय वा राज्यस्तरीय सडक सञ्जालको भाग पाँच प्रतिशत छ। अनि भारतमा दर्ता भएका सवारीसाधनको सङ्ख्या अनुमानित ३५ करोड छागडकरीले सडक सुरक्षासम्बन्धी बैठकमा मानिसहरूमा कानुनप्रति सम्मान र डर दुवै नभएका कारण सडक दुर्घटना भइरहेको बताए।

"सडक दुर्घटनाका कैयौँ कारणहरू छन्। त्यसमध्ये सबैभन्दा प्रमुख कारण चाहिँ मानिसको व्यवहार नै हो," उनले भने। यो एउटा पाटो मात्रै हो। गत महिना गडकरीले कमजोर सिभिल इन्जिनिअरिङ अभ्यासबारे बोलेका थिए। उनका अनुसार सडकको त्रुटिपूर्ण डिजाइन, कम गुणस्तरको निर्माण र कमजोर व्यवस्थापनसँगै सडकमा अपर्याप्त सङ्केतचिह्नले सडक दुर्घटनाको दर बढेको छ।"यसका सबैभन्दा मुख्य दोषी सिभिल इन्जिनिअरहरू हुन्।... हाम्रोमा सडकमा राखिने सङ्केतचिह्नदेखि रेखाङ्कनजस्ता सामान्य कुरा समेत गतिलो छैन," उनले भनेका थिए।

सन् २०१९ देखि उनको मन्त्रालयले राष्ट्रिय राजमार्गहरूमा सडक भासिएका लगायत ५९ वटा कमजोरी पहिचान गरेको गडकरीले गत महिना संसद्‌लाई जानकारी गराएका थिए। दुर्घटना हुन सक्ने सम्भावित क्षेत्रका रूपमा पहिचान गरिएका १३,७९५ स्थानमध्ये ५,०३६ स्थानमा मात्रै दीर्घकालीन समाधान खोजिएको थियो। दुर्घटना न्यूनीकरण र प्रविधिसम्बन्धी भारतका छुट्टाछुट्टै दुई निकायले गरेको सडक सुरक्षा जाँचमा सडक पूर्वाधारमा गम्भीर त्रुटिहरू फेला पारेका थिए।

कतिपय स्थानमा सडकको डिलबाट सवारीसाधनहरू नखसून् भनेर राखिएका बार भएको ठाउँबाटै सवारीसाधनहरू खस्ने गरेको पाइएको थियो।यस्ता 'सेफ्टी ब्यारिअर'को निश्चित मापदण्डको अभाव, उचाइको कमी वा कमजोर निर्माणका कारण तिनले ट्रक वा बसजस्ता ठूला साधनलाई रोक्न नसकेको पाइएको थियो।"राम्रोसँग नराखिएको अवस्थामा त्यस्ता बारहरूले फाइदाभन्दा बेफाइदा धेरै गर्न सक्छन्," आईआईटी दिल्लीमा सिभिल इन्जिनिअरिङकी प्राध्यापक गीतम तिवारीले बीबीसीसँग भनिन्।

अनि तीव्र गतिमा सवार ीसाधनहरू गुड्ने सडकमा दुईतर्फका सवारीसाधनलाई विपरीत लेनमा छुट्ट्याउने पर्खाल वा सडक डिभाइडरहरू पनि मापदण्ड अनुसारका नरहेको पाइएको थियो। यस्ता डिभाइडरहरू १० सेन्टिमिटरभन्दा अग्ला हुनु नहुने मापदण्ड छ, तर अधिकांश त्योभन्दा अग्ला थिए। सीधा ठाडो बनाइएका यस्ता अग्ला डिभाइडरमा तीव्र गतिमा रहेको गाडीले ठक्कर दिएको अवस्थामा चक्का पड्किने वा गाडी सडकमा गुल्टिने अवस्था बन्न सक्छ।

राजधानी दिल्लीनजिकै रहेको एउटा राजमार्गमा यस्तो डिभाइडर सुरक्षा मापदण्डविपरीत बनाइएको छ। अनि धेरै सडकहरू किनाराको भागभन्दा उठाएर बनाइएका छन्। यस्तो डिजाइनले केही गरी सवारीसाधनहरू डिलमा पुगेको अवस्थामा चिप्लिने वा पल्टिने जोखिम हुने विज्ञहरू बताउँछन्। दुईपाङ्ग्रे सवारीसाधनका हकमा यो अझै जोखिमपूर्ण हुन्छ।

भारतको सडक मापदण्ड कागजमा स्पष्ट छ, तर व्यावहारिक कार्यान्वयन कमजोर छ।"यसको प्रमुख कारण सुरक्षा मापदण्ड पूरा नगरेको अवस्थामा तोकिएको न्यूनतम जरिबाना हो। ठेकेदारहरूले यस्ता मापदण्डमा ध्यान दिँदैनन् र सुरक्षा मापदण्ड हेरेरभन्दा पनि निर्माण भएको किलोमिटरका आधारमा भुक्तानी दिइन्छ," प्राध्यापक तिवारी भन्छिन्। मन्त्री नितिन गडकरीले हालै २५,००० किलोमिटर लामो राजमार्गलाई दुई लेनबाट चार लेनमा स्तरोन्नति गर्ने महत्त्वाकाङ्क्षी योजना अघि सारेका छन्। "यसले सडक दुर्घटनालाई उल्लेख्य मात्रामा कम गर्ने छ," उनको भनाइ छ।

तर शिकागो विश्वविद्यालयका विज्ञ कवि भल्ला त्यसप्रति विश्वस्त छैनन्। न्यून र मध्यम आय भएका देशहरूमा सडक सुरक्षाका क्षेत्रमा काम गरेका भल्ला भारतमा बनाइने सडकहरूमा पश्चिमा शैलीको नक्कल गरिने भए पनि देशको मौलिक यातायात अवस्था र पूर्वाधारको आवश्यकतालाई बेवास्ता गरिने बताउँछन्।

"सडक फराकिलो पार्दैमा सवारीसाधन दुर्घटनामा हुने मृत्यु घट्छ भन्ने कुरा पत्याउने आधार छैन। सडकको स्तरोन्नति गर्दा सवार ीसाधनहरूको गति पनि बढ्ने र त्यसले पैदलयात्री, साइकलचालक र मोटरसाइकलचालकहरूका निम्ति जोखिम बढाउने कैयौँ प्रमाणहरू छन्," उनी भन्छन्।

"भारतमा नयाँ सडक डिजाइन अमेरिका र युरोपका सडकबाट नक्कल गरिएको छ। फरक यातायात भएको देशमा यो प्रमुख समस्या हो। भारतले अमेरिकाको जस्तो पूर्वाधार बनाए पनि सुरक्षामा त्यो देशको जस्तो लगानी गरेको छैन," भल्ला भन्छन्। अन्तर्राष्ट्रिय सडक महासङ्घका केके कपिल बढ्दो सडक सङ्कटको सम्बोधनका लागि भारतले रणनीतिक सुधार गर्न जरुरी रहेको बताउँछन्। उनी भारतको सङ्घीय सरकारलाई सडक सुरक्षासम्बन्धी विषयमा सहयोग गर्दै आएका छन्।

# पोप फ्रान्सिसः क्याथोलिक चर्चलाई परिवर्तन गरिदिए

**बीबीसी**

काठमाण्डु । पोप फ्रान्सिसको कार्यकालमा थुप्रै नयाँ र नौला कुराहरूको सुरुवात भए र उनले क्याथोलिक चर्चमा सुधारहरू गर्न जारी नै राख्दा उनी परम्परावादीहरू माझ पनि लोकप्रिय रहेका थिए।

अमेरिकाज् अथवा दक्षिणी गोलार्द्धबाट चयन भएका उनी प्रथम पोप थिए। सन् ७४१ मा सिरियामा जन्मेका पोप ग्रेगोरी तृतियको निधनपछि गैरयुरोपेली व्यक्ति बिशप अफ रोम चयन भएका थिएनन्।त्यसैगरी उनी सेन्ट पिटरको आसन सम्हाल्ने पहिलो जेजुइट पनि थिए। ऐतिहासिक रूपमा नै रोमले जेजुइटहरूलाई शंकाको दृष्टिले हेर्ने गर्दथ्यो। फ्रान्सिसका पूर्ववर्ती बेनेडिक्ट सोह्रौं झण्डै ६०० वर्षको अवधीमा स्वेच्छाले पद त्याग गर्ने पहिलो पोप थिए र त्यसपछि झण्डै एक दशकसम्म भ्याटिकन गार्डन्समा दुईजना पोपको उपस्थिति रहन पुगेको थियो।



आर्जेन्टिनाको कार्डिनल बेर्गोग्लियोका रूपमा रहेका उनी सन् २०१३ मा पोप नियुक्त हुँदा नै सत्तरीको उमेर पार गरिसकेका थिए।थुप्रै क्याथोलिकहरूले नयाँ पोप पहिलेको दाँजोमा केही थोरै कम उमेरको हुने अपेक्षा गरेका थिए।बेर्गोग्लियोले आफूलाई सम्झौताको उम्मेदवारका रूपमा प्रस्तुत गरेका थिए। यौनसँग सम्बन्धित विषयहरूमा पुरातनवादी विचारका परम्परावादीहरूले रूचाउने र सामाजिक न्यायका विषयमा उनको उदार धारणका कारण सुधारवादीहरूलाई पनि आकर्षित गर्ने व्यक्तिका रूपमा।उनको गैरपुरातनवादी पृष्ठभूमिका कारण उनलाई भ्याटिकनमा पुनः प्राण भर्न र त्यसको धार्मिक अभियानलाई पुनः दरिलो बनाउन सहयोग पुग्ने विश्वास गरिएको थियो।

तर भ्याटिकनको प्रशासनयन्त्र भित्र पोप फ्रान्सिसको सुधारका प्रयासहरूले अवरोधको सामना गर्नु परेको थियो। र सन् २०२२ मा निधन भएका उनका पूर्ववर्ती नै परम्परावादीहरूमाझ लोकप्रिय रहन पुगेका थिए। आफ्नो चयन भएको समयदेखि नै फ्रान्सिसले आफूले भिन्न ढङ्गले काम गर्ने संकेत दिइसकेका थिए। उनले कार्डिनलहरूको स्वागत पनि अनौपचारिक रूपमा गरे, उभिएर। नभए पोपको आसनमा बसेर त्यसो गर्ने चलन थियो।सन् २०१३ को मार्च १३ मा पोप फ्रान्सिस भ्याटिकन दरबारको सेन्ट पिटर्स स्क्वाएर नामक विशाल चोक तर्फको बार्दलीमा उपस्थित भएका थिए।

सेतो रङ्गको परम्परागत पोशाक लगाएका उनले नयाँ नाम ग्रहण गरेका थिए जुन नाम लिएर उनले सेन्ट फ्रान्सिस अफ असिसि भनिने १३ औं शताब्दीका जनावरहरूप्रतिको प्रेमका कारण प्रसिद्ध एक इशाई धर्मगुरुको सम्मान गरेका थिए। उनी परम्परागत चमकदमक भन्दा भद्रता र विनम्रताको पक्षमा देखिए। उनले पोपले चढ्ने विशेष लिमोजिन गाडी त्याग गरेका थिए भने अन्य कार्डिनलहरूले प्रयोग गर्ने बस नै प्रयोग गर्ने कुरामा जोड दिन्थे।

नयाँ पोप नियुक्त भएपछि उनले १.२ अर्ब क्याथोलिक इशाई धर्मावलम्बीहरूका निमित्त नैतिक अभियान पनि तय गरेका थिए। उनको भनाई थियो,"मलाई गरिब चर्च र गरिबहरूको हेरविचार गर्ने चर्चको चाहना छ।" खोर्खे मारिओ बेर्गोग्लियोको जन्म सन् १९३६ को डिसेम्बर १७ तारिखको दिनमा आर्जेन्टिनाको बुएनोस् आइरिजमा भएको थियो। उनी आमाबाबुका पाँच सन्तानमध्ये सबैभन्दा जेठा थिए। उनका आमाबाबुले फासिवादबाट जोगिन पुर्ख्यौली इटली छाडेर भाग्नु परेको थियो।

उनलाई ट्याङ्गो नृत्य मन पर्थ्यो र उनी आफ्नो स्थानीय फुटबल क्लब सान लोरेन्जोका समर्थक थिए।बालककालमा न्यूमोनियाको गम्भीर विरामी भएपनि उनी बाँच्न सफल भएका थिए। उनको फोक्सोको एउटा भाग नै शल्यक्रिया गरेर हटाउनु परेको थियो। त्यसका कारण बाँकी जीवनभर नै उनले सङ्क्रमणहरूको सामना गर्नु परेको थियो।

वृद्धावस्थामा उनले दाहिने घुँडा दुखिरहने समस्या बेहोरेका थिए। उनी त्यसलाई "शारीरक लज्जा" भन्ने गर्दथे।युवा बेर्गोग्लियोले एकजना केमिस्टका रूपमा अध्ययन पुरा गर्नुभन्दा अगाडि एउटा नाइट क्लबमा बाउन्सर र भुइँ सफा गर्ने कामदारका रूपमा काम पनि गरेका थिए।एउटा स्थानीय कारखानामा उनले आर्जेन्टिनाको सैनिक तानाशाहीको विरोधमा अभियान चलाउने एस्थर बालेस्ट्रिनोसँग पनि निकट रहेर काम गरेका थिए। ति अभियानकर्मीलाई पक्राउ गरेर यातना दिइएको थियो तर उनको शरीर कहिल्यै फेला परेन।

बेर्गोग्लियो पछि जेजुइट बने र दर्शनशास्त्रको अध्ययन गरे। उनले साहित्य र मनोविज्ञान पढाउने काम पनि गरे। एकदशकपछि उनी पादरी बने र त्यसपछि उनको छिटो छिटो पदोन्नति भयो। उनी सन् १९७३ मा आर्जेन्टिनाको प्रोभिन्सिएल सुपेरिअर बन्न पुगेका थिए। केही मानिसहरूलाई उनले आर्जेन्टिनामा क्रूर सैन्य शासनको नेतृत्व गर्ने जेनरलहरूको पर्याप्त विरोध गरेनन् भन्ने लाग्थ्यो।

उनीमाथि आर्जेन्टिनामा चलेको युद्धका बेला दुई पादरीहरू अपहरण परेको घटनामा उनको संलग्नता भएको आरोप लाग्यो। सन् १९७६ देखि १९८३ सम्म चलेको उक्त रक्तपातयुद्ध युद्धका बेला हजारौँ मानिसलाई यातना दिइएको वा बेपत्ता पारिएको वा हत्या गरिएको थियो।ती दुई पादरीहरूले पनि यातना पाएका थिए। पछि उनीहरू अचेत बनाइएको र अर्धनग्न अवस्थामा जीवितै फेला परे।

चर्चले उनीहरूलाई गरिब बस्तीहरूमा काम गर्ने अनुमति दिएको थियो। तर त्यो जानकारी सरकारी अधिकारीहरूलाई नदिएको अभियोग खोर्खे मारिओ बेअर्गोल्योमाथि लाग्यो। त्यो अभियोगको अर्थ ती दुई जनालाई हत्याराहरूसमक्ष परित्याग गरिएको थियो भन्ने लाग्थ्यो। तर उनले त्यस्तो अभियोग अस्वीकार गर्दै ती दुईको मुक्तिका लागि परोक्ष प्रयास गरेको दाबी गरे।त्यसबारे उनी किन बोलेनन् त भनेर सोध्दा बेअर्गोल्योले त्यसो गर्न निकै कठिन थियो भनेको बताइन्छ। वास्तवमा ३६ वर्षको उमेरमा उनी अनुभवी व्यक्तिहरू पनि अलमलिने खालको समस्याको जालोमा फसेका थिए। यद्यपि उनले देश छोडेर भाग्न खोज्ने धेरै मानिसलाई सघाए।

समकालीन जेज्यूइटहरू बेअर्गोल्योलाई 'लिबरेशन थिओलजी' प्रति रुचि नभएको ठान्थे। उनीहरूबीच मतभिन्नता थियो। इसाई अवधारणा र मार्क्सवादी समाजशास्त्रको उक्त संश्लेषणमार्फत् अन्याय हटाउन सकिन्छ भन्ने उनीहरू ठान्थे। तर उनी पादरीहरूले प्रदान गर्ने सहयोगको पक्षमा थिए।

बेलाबेलामा उनीहरूबीच मनमुटाव उत्पन्न हुन्थ्यो। सन् २००५ मा उनले सुरुमा पोप बन्न खोज्दा केही जेज्यूइटहरूले राहतको सास फेरेका थिए। सन् १९९२ मा उनी ब्वेनोस आइरिजका सहायक बिशप बनेका थिए। त्यसपछि आर्चबिशप बने।

सन् २००१ मा पोप जन पोल द्वितीयले उनलाई सन् २००१ मा कार्डिनल नियुक्त गरे। पोप फ्रान्सिसले सादा जीवन रुचाउने व्यक्तिको छवि बनाए। उनी प्रायजसो हवाईयात्रा गर्दा इकोनमी क्लासको टिकट लिन्थे। आफ्नो नयाँ ओहदा चिनाउने रातो र गुलाबी गाउनभन्दा उनी प्रायः पादरीहरूले लगाउने जस्तो कालो गाउन नै लगाउँथे।आफ्ना उपदेशहरूमा उनले सामाजिक समावेशिताको आह्वान गरे। समाजमा अतिविपन्न सदस्यहरूप्रति ध्यान दिन नसक्ने सरकारहरूको उनी आलोचना गर्थे।

पोपका रूपमा उनले ईस्टर्न अर्थोडक्स चर्चसँगको हजारौँ वर्ष पुरानो विवाद कम गर्न उल्लेख्य प्रयास गरे। फलस्वरूप सन् १०५४ को 'ग्रेट स्किजम'पछि पहिलो पटक 'द प्याट्रिआर्क अफ कन्स्ट्यान्टिनोपल'ले रोमका बिशपको कार्यकाल सुरु हुँदा आयोजना गरिएको कार्यक्रममा भाग लिए। उनले इसाई धर्मअन्तर्गतका एङ्‌लिकन, लूथरन र मेथडिस्ट समूहहरूसँग पनि काम गरे।

साथै उनले इजरेल र प्यालेस्टाइनका नेताहरूलाई आफूसँगै शान्तिका लागि आह्वान गर्न प्रोत्साहित गरे।मुस्लिम लडाकु समूहहरूले विभिन्न ठाउँमा आक्रमण गरेका बेला उनले इस्लाम धर्मलाई हिंसासँग जोड्नु सही नभएको बताएका थिए। "मैले यदि इस्लामिक हिंसाका बारे बोल्ने हो भने मैले क्याथोलिक हिंसाबारे पनि बोल्नुपर्छ," उनले भनेका थिए।राजनीतिक रूपमा उनले आर्जेन्टिनाको सरकारले फोक्ल्यान्डमा आफ्नो दाबी पेस गर्दा समर्थन गरे ।

स्प्यानिश भाषा बोल्ने ल्याटिन अमेरिकीका रूपमा उनले अमेरिकी सरकारले क्युबासँग ऐतिहासिक सहमति गर्न चाहेका बेला मध्यस्थकर्ताको भूमिका पनि निर्वाह गरे। कुनै युरोपेली पोपले यस्तो भूमिका निर्वाह गर्ने कुरा विरलै कल्पना गर्न सकिन्छ। उनका उपदेशहरूमा पोप फ्रान्सिस परम्परावादी भए झैं लाग्थ्यो। "यूथनेजिआ, मृत्युदण्ड, गर्भपतन, जीवनको अधिकार, मानवअधिकार र पादरीको ब्रह्मचर्यबारे उनी पोप जन पोल द्वितीयजस्तै सम्झौता नगर्ने खालका थिए," उनीसँगै धार्मिक शिक्षा लिएका मोन्सिङ्नर अस्भाल्डो मुस्टोले भने ।

तर उनले यौनिकता जे भए पनि चर्चले सबै मानिसलाई स्वागत गर्नुपर्ने बताएका थिए। यद्यपि उनले समलिङ्गी जोडीले धर्मसन्तान ग्रहण गर्दा बालबालिकाविरुद्ध विभेद हुने तर्क गरेका थिए।साथै उनले समलिङ्गीहरूबीचको सम्बन्धलाई "विवाह" भन्न अस्वीकार गरे। उनका अनुसार त्यसो गर्नु "ईश्वरको योजना नष्ट गर्ने प्रयास" हुन्थ्यो।सन् २०१३ मा पोप बनेलगत्तै उनी रोममा आयोजित गर्भपनविरुद्धको र्‍यालीमा सहभागी भएका थिए। गर्भाधानदेखि नै गर्भस्थ मानिसको अधिकार सुरु हुने बताएका थिए।साथै उनले महिलालाई पादरी बनाउने कार्य "ओर्डिनेशन"को पनि विरोध गरेका थिए ।

उनले सुरुमा रोगबाट बचाउने सामग्री भनी गर्भनिरोधक साधनलाई अनुमति दिइनुपर्ने धारणा राखे पनि पछि पोल छैटौंको उपदेशको प्रशंसा गरेका थिए। उनले यस्ता साधनले महिलालाई पुरुष सन्तुष्टिको साधन बनाउन सक्ने चेतावनी दिएका थिए।

सन् २०१५ मा फिलिपिन्समा आयोजित प्रार्थनासभामा बोल्दै उनले बालबालिकाको अनुपस्थिति आफैँमा समस्या नभए पनि बच्चा नपाउन जानाजान गरिने निर्णय समस्याकारी भएको टिप्पणी गरेका थिए। पोपका रूपमा उनको कार्यकालमा उनले दुई ठूला चुनौती बेहोर्नुपर्‍योः केहीले उनलाई बाल यौनशोषणको मुद्दा तह लगाउन विफल भएको आरोप लगाए र कट्टरपन्थी आलोचकहरूले उनलाई आस्थालाई कमजोर बनाइरहेको आरोप लगाए। खासगरी वैवाहिक सम्बन्ध विच्छेद गरेका र पुन विवाह गरेका क्याथलिकहरूलाई धार्मिक सभामा सहभागी हुन अनुमति दिने उनको कदमका आधारमा उनीहरूले आलोचना गरेका हुन्।

कट्टरपन्थीहरूले लामोसमयसम्म चालेका अभियानमा बाल दुर्व्यवहारसम्बन्धी मुद्दालाई हतियार नै बनाए।अगस्ट २०१८ मा संयुक्त राज्य अमेरिकाका लागि पूर्व अपोस्टोलिक नन्सिओ आर्चबिशप कार्लो मारिआ भिगानोले 'युद्धको घोषणा' भन्दै ११ पृष्ठ लामो घोषणापत्र सार्वजनिक गरे। उनले जारी गरेको पत्रमा एक पूर्व कार्डिनल टमस म्याक्करिकको व्यवहारबारे भ्याटिकनलाई दिइएको शृङ्खलाबद्ध चेतावनीको विवरण थियो।

त्यसमा म्याक्करिकलाई शृङ्खलाबद्ध दुर्व्यवहार गर्ने व्यक्तिका रूपमा आरोप लगाइएको थियो र म्याक्करिकले वयस्क र नाबालक दुवैमाथि हमला गरेको उल्लेख छ। आर्चबिशप भिगानोले भनेका थिएः म्याक्करिक भित्रैदेखि भ्रष्ट भए पनि पोपले उनलाई "विश्वासप्राप्त काउन्सिलर" बनाएका थिए। उनले भनेका थिएः समाधान स्पष्ट छ, पोप फ्रान्सिसले राजीनामा दिनुपर्छ।"यी समलिङ्गी सञ्जालहरू," आर्चबिशपको दाबी अनुसार, "गोप्य रूपमा काम गर्छन् र अक्टोपसका टेन्टाकल जस्तै बलियो झुटो बोल्छन् ... र तिनले सम्पूर्ण गिर्जाघरको गला निमोठ्दैछन्।"

त्यसले चर्चमा विवाद बढ्ने खतरा भयो। भ्याटिकनले गरेको अनुसन्धानपछि म्याक्करिकलाई अन्ततः सन् २०१९ को फेब्रुअरीमा पदबाट हटाइएको थियो। कोभिड महामारीका बेला फ्रान्सिसले भाइरस फैलनबाट रोक्न सेन्ट पिटर्स स्क्वाएरमा उनको नियमित धार्मिक भेला बन्द गरेका थिए। नैतिक नेतृत्वको एक महत्त्वपूर्ण उदाहरणस्वरूप उनले कोभिडविरुद्ध खोप लगाउने विश्वव्यापी दायित्व भएको बताएका थिए।

सन् २०२२ मा पोप बेनेडिक्टको ९५ वर्षको आयुमा मृत्यु भएपछि उनी एक शताब्दी यताकै आफ्ना पूर्ववर्तीलाई समाधिस्थ गर्ने पहिलो पोप पनि बनेका थिए।त्यस बेलासम्म उनी विभिन्न स्वास्थ्य समस्याका कारण पटक पटक अस्पतालमा भर्ना हुनुपर्‍यो। तर फ्रान्सिस विश्व शान्ति र अन्तर धार्मिक संवादलाई बढावा दिनका लागि आफ्ना प्रयास निरन्तर गर्न दृढ थिए।

सन् २०२३ मा उनले दक्षिण सुडानको धार्मिक यात्रा गरेर त्यहाँका नेताहरूलाई द्वन्द्व अन्त्य गर्न अपिल गरे।उनले युक्रेनमा "उदेकलाग्दो र क्रूर युद्ध' समाप्त गर्न अपिल गरे। तर रुसलाई उक्साइएका कारण आक्रमण गर्न बाध्य भएको भन्ने रुसी दाबीलाई स्वीकार गरेर उनले युक्रेनीहरूलाई निराश पनि पारे।


## Loharpatti Municipality
## Office of Municipal Executive
### Loharpatti, Mahottari
### Mahdesh Province, Nepal

## INVITATION FOR ONLINE BID

### (IFB/NCB/GOODS/LM/2081/82/04)

**Date of publication: - 2082/01/09 B.S. (22nd April 2025 AD)**

1. Loharpatti Municipality invites following electronic bids from eligible national bidders under national competitive bidding.
2. The details of the project is as following.

| Contract ID | Description of works | Estimated Amount | Bid security Amount (NRS) | Bid document Fee (NRS) | Bid Validity/Bid Bond validity period | Last date of bid Document Purchase | Last date of bid Submission | Bid opening Date and place |
|---|---|---|---|---|---|---|---|---|
| NCB/ GOODS/LM/ 2081/82/04 | Supply and Delivery of Sanitary Pad | NRs. 33,14,487.75 (Including Vat) | NRs 80,000.00 | NRs 3,000.00 | 90days/120 days after last date of bid submission | 22nd May 2025, 12:00 Noon | 22nd May 2025, 12:00 Noon | 22nd May 2025, 14:00 PM |

3. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank :-** NIC Asia Bank , **Name of Office :-** Loharpatti Municipality.
   **Office Code no. :-** 801021810 , **Office Account no. :-** 1362050028753002
   **Account Name :-** GA 1.1 ANTARIK RAJASHWA KHATA – LOHARPATTI MUNICIPALITY
4. Cash Deposit Account for Bid Security:
   **Bank Name :-** NIC Asia Bank , **Bank Address :-** Loharpatti Municipality.
   **Account holder's Name :-** Loharpatti Municipality. **Account Number**: D6CA000929952403
   **Account Name :-** GA 3-DHARAUTI KHATA-LOHARPATTI MUNICIPALITY
5. Eligible Bidders may contact Loharpatti Municipality at 9854031520 and obtain further information from PPMO's Website www.bolpatra.gov.np./egp.

**Chief Administrative Officer**

ANJANI SUITE
सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा



# उद्योगमा कोभिडको असर कायमै



चितवन । कोरोना महामारीका कारण बन्द भएका उद्योगको समस्या अझै समाधान हुन सकेको छैन । निरन्तरको प्रयासपछि केही उद्योग पुरानै लयमा सञ्चालन हुन थालेपनि अधिकांश उद्योगमा कोरोनाको असर अझै कायमै रहेको जानकारहरुको भनाइ छ ।

नेपाल उद्योग परिसङ्घ वागमती प्रदेशका वरिष्ठ उपाध्यक्ष त्रिलोचन कँडेल प्रदेशभित्रका ४० प्रतिशत उद्योग अझै बन्द अवस्थामा रहेको बताउनुहुन्छ । सञ्चालनमा रहेका ६० प्रतिशतमध्ये १० प्रतिशत मात्रै नाफामा रहेको उहाँको भनाइ छ । उद्योग सङ्घ चितवनका पूर्वअध्यक्षसमेत रहनुभएका कँडेल बैंकको ऋणका लागि मात्रै उद्योग चलाउने धेरै रहेको बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "ऋण थप्दै जाँदा अहिले धितोले ऋण नधान्ने अवस्थामा पुगेको छ, यसले उद्योगमा ऋण लगानी गर्ने बैंकलाई पनि समस्या भएको छ", उहाँले थप्नुभयो "बल्लतल्ल उत्पादन सुरु भए पनि माग बढ्न नसकेको अवस्था छ ।"

कच्चापदार्थ किन्ने पैसा नहुँदा कम क्षमतामा उद्योग सञ्चालन हुँदा घाटा चुलिँदै गएको उहाँले बताउनुभयो । बढ्दो ऋणका कारण उद्योगको अवस्था कमजोर बनेको उहाँको बुझाइ छ । "गत वर्षसम्म महँगो बैंक ब्याजले पनि उद्योगलाई अप्ठ्यारो पारेको थियो । मजदुरको बढ्दो ज्याला, महँगो ढुवानी, कच्चापदार्थको मूल्यवृद्धिलगायतका कारण नेपाली उत्पादनको लागत बढेको र विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्न नसकेको अवस्था छ", कँडेलले बताउनुभयो ।

नेपाल लेयर्स कुखुरापालक सङ्घका अध्यक्ष विनोद पोखरेल कोरोनाकै कारण धेरै पोल्ट्री व्यवसायीले पेसा छाडिसकेको बताउनुहुन्छ । सञ्चालनमा रहेका अधिकांश उद्योग ऋणको मारमा रहेको उहाँको भनाइ छ । वर्षदिनमा एक पटक अण्डाले लागत मूल्य पाउँदा सरकारी निकायको ध्यानाकर्षण हुने भए पनि वर्षौंसम्म नोक्सानमा काम गर्नुपर्दा राज्यले ध्यान नदिएको उहाँको गुनासो छ ।

भारतीय सीमा क्षेत्रबाट अवैध रुपमा भित्रिने पोल्ट्रीजन्य पदार्थ रोकिए मात्रै पनि यहाँका पोल्ट्री व्यवसायीलाई केही राहत मिल्ने उहाँको बुझाइ छ । यस्तै अवस्था रहेमा आत्मनिर्भर यो व्यवसाय समाप्त भएर जाने उहाँको दाबी छ ।

क्षेत्रीय होटल सङ्घ सौराहाका अध्यक्ष ओमप्रकाश पाण्डे आधा होटल आर्थिक सङ्कटमा परेको बताउनुहुन्छ । होटल चल्नका लागि कम्तीमा औसतमा ६० प्रतिशत अकुपेन्सी हुनुपर्छ तर हाल औसतमा ५० प्रतिशतभन्दा कममा सञ्चालन हुनुपरिरहेको अवस्था छ ।

दिनहुँ घाटा बढ्दै जाँदा पर्यटन उद्योगमा सङ्कट थपिँदै गएको उहाँको दाबी छ । विदेशी पर्यटकको स¬्या नबढाएसम्म आर्थिक समृद्धि नहुने भन्दै उहाँले नेपाली पर्यटक आएर मात्रै क्षणिक सञ्चालन हुन सकेपनि दीर्घकालीन समस्या समाधान नहुने बताउनुभयो ।

चितवनको पर्यटन व्यवसाय प्रभावित हुनुको प्रमुख कारण सडक सञ्जाल पनि भएको उहाँको भनाइ छ । भैरहवा, पोखरा र काठमाडौँबाट आउने पर्यटक सडकका कारण आउन नसकेको उहाँले बताउनुभयो । उहाँलेभन्नुभयो"ट्राभलकम्पनीहरुले सडकका कारण पर्यटक पठाउनै छाडेका छन् ।"

कोभिडपछि व्यवसाय सञ्चालन हुन नसक्दा कतिपय होटलमा बैंकले ताला लगाउने अवस्था समेत आएको उहाँको भनाइ छ । उद्योग वाणिज्य सङ्घ चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी कोभिडपछि बजार क्षेत्रका धेरै पसल बन्द भएको बताउनुहुन्छ ।

समग्र अर्थतन्त्र प्रभावित भएपछि उद्योग र व्यवसाय पनि प्रभावित बनेको उहाँको भनाइ छ । सरकारले उद्योग व्यवसायका समस्यालाई मसिनो गरी केलाएर सम्बोधन गर्नुपर्ने उहाँको माग छ । ऋण थप्दै जाँदा धितोले धान्न नसक्ने अवस्थामा उद्योगी पुगेको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो "अब पनि सरकारले सम्बोधन गरेन भने नेपालमा उद्योग टिकाउन निकै सकस हुन्छ ।"

उद्योग वाणिज्य सङ्घ चितवनका पूर्वअध्यक्ष राजन गौतमले भने लामो समयको मेहनत र लगानीपछि गौमन्त्र नामक अर्ग्यानिक मल कम्पनी लयमा फर्किएको बताउनुभयो । उहाँले कमर्सियल अर्गानिक एग्रिकल्चर कन्सेप्ट प्रालि सञ्चालन गर्दै आउनुभएको छ । गौतमले भन्नुभयो "कोरोना महामारीका कारण केही समय उत्पादन ठप्प गरेको कम्पनी अहिले बल्लतल्ल लयमा फर्किएको छ, तर अहिले पनि समस्या बाँकी नै छन्, माग बढ्न नसक्दा उत्पादनले बजार पाउन सकेको छैन", उहाँले भन्नुभयो ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । सोमबार नेप्से परिसूचक सात दशमलव ७५ अङ्कले घटेर दुई हजार छ सय ९८ दशमलव २८ को बिन्दुमा कायम भएको हो ।

सोमबार विभिन्न तीन सय १९ कम्पनीका दुई करोड १२ लाख तीन हजार सात सय ६६ कित्ता शेयर ७८ हजार छ सय ७८ पटक खरिदबिक्री हुँदा रू आठ अर्ब ७७ करोड ५७ लाख २० हजार दुई सय ९३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

सोमबारको कारोबारमा विकास बैंक समूह शून्य दशमलव ४३, होटल तथा पर्यटन शून्य दशमलव ०६, जलविद्युत् शून्य दशमलव ७७, लगानी शून्य दशमलव १७, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०३ र म्युचुअल फन्ड शून्य दशमलव ४४ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ८५, वित्त एक दशमलव ०३, जीवन बीमा शून्य दशमलव १६, लघुवित्त शून्य दशमलव ११, निर्जीवन बीमा शून्य दशमलव १५, व्यापार एक दशमलव ५२ र अन्य समूह एक प्रतिशतले घटेको छ ।

नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेड र क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्य सोमबार सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने एनएमबी हाइब्रिड फन्ड-२ को शेयर मूल्य सात दशमलव ९० प्रतिशत छ । रासस


## लुम्बिनी विकास बैंक लिमिटेडको
## तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/०१/०९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ । उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

### तपसिल

क.सं. | ऋणीको विवरण

**१.** **नाम : राजेश कुमार पासमान**
बाबुको नाम : अमरलाल पासमान, बाजेको नाम : वुधु पासमान
ठेगाना : लहान - ३, सिरहा, हाल : लहान - १०, सिरहा
ना.प्र.प.नं. : १५१००५/५५५, जि.प्र.का. सिरहा, जारी मिति : २०६५/१२/१४
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : राधा कुमारी पासमान**
पतिको नाम : राजेश कुमार पासमान
ससुराको नाम : अमरलाल पासमान
ठेगाना : जलेश्वर - १, महोत्तरी
हाल : लहान - १०, सिरहा
ना.प्र.प.नं. : १८-०१-७०-०३८५७
जि.प्र.का. महोत्तरी
जारी मिति : २०७०/०३/२०

**२. नाम : अमरलाल पासमान**
पतिको नाम : वुधु पासमान
बाजेको नाम : मखन पासमान
ठेगाना : कुशहा - ५, सप्तरी
हाल : लहान - १०,सिरहा
ना.प्र.प.नं. : २०९२
जि.प्र.का. सप्तरी
जारी मिति : २०४३/११/०१

**३. नाम : मन्जु देवी पासमान**
पतिको नाम : अमरलाल पासमान, ससुराको नाम : वुधु पासमान
ठेगाना : लहान - १०, सिरहा
ना.प्र.प.नं. : ४३३४/७५७५, जि.प्र.का. सिरहा, जारी मिति : २०६१/०५/२०

**धितोको विवरण**
राधा कुमारी पासमानको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको लहान गोठ - ३, सिरहा स्थित कित्ता नं. ५१३ को क्षेत्रफल ०-१-७.७५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

**२.** **नाम : जुडी राउत**
बाबुको नाम : रामेश्वर राउत भेडिहर, बाजेको नाम : अकलु राउत
ठेगाना : बसन्तपट्टी - २, रौतहट, हाल : परोहा - ६, रौतहट
ना.प्र.प.नं. : २५७९, जि.प्र.का. रौतहट, जारी मिति : २०५७/१०/१७
**शाखा कार्यालय : गौर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : सितली**
पतिको नाम : रामेश्वर राउत भेडिहर
ससुराको नाम : अकलु राउत
ठेगाना : बसन्तपट्टी - २, रौतहट
हाल : परोहा - ६, रौतहट
ना.प्र.प.नं. : ०९३९०४८८/६४५३
जि.प्र.का. रौतहट
जारी मिति : २०४५/०१/१३

**२. नाम : दामोदर राउत**
बाबुको नाम : रामेश्वर राउत भेडिहर
बाजेको नाम : अकलु राउत
ठेगाना : बसन्तपट्टी - २, रौतहट
हाल : परोहा - ६, रौतहट
ना.प्र.प.नं. : २५३१
जि.प्र.का. रौतहट
जारी मिति : २०५४/१०/१५

**३. नाम : कलावती देवी**
पतिको नाम : दामोदर राउत
ससुराको नाम : रामेश्वर राउत भेडिहर
ठेगाना : बसन्तपट्टी - २, रौतहट
हाल : परोहा - ६, रौतहट
ना.प्र.प.नं. : १०४५/१५८
जि.प्र.का. रौतहट
जारी मिति : २०६७/०४/१०

**४. नाम : तुलसी राउत भेडिहर**
बाबुको नाम : रामेश्वर राउत भेडिहर
बाजेको नाम : अकलु राउत
ठेगाना : बसन्तपट्टी - २, रौतहट
हाल : परोहा - ६, रौतहट
ना.प्र.प.नं. : ३२-०१-७१-४०३९
जि.प्र.का. रौतहट
जारी मिति : २०७१/०७/१८

**धितोको विवरण**
सितलीको नाममा मालपोत गौरमा दर्ता कायम रहेको बसन्तपट्टी - २ ग, रौतहट स्थित कित्ता नं. ३१३ र २९८ को क्षेत्रफल क्रमश: ०-१-१८ र ०-२-४ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको विवरण**

**३.** **नाम : सुधिस कुमार यादव**
बाबुको नाम : करीया यादव, बाजेको नाम : सत्यदेब यादव
ठेगाना : लक्ष्मीपुर पतारी - ३, सिरहा
ना.प्र.प.नं. : १५-०१-७४-०४०१७, जि.प्र.का. सिरहा, जारी मिति : २०७४/०४/०४
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : सतिश कुमार यादव**
बाबुको नाम : करीया यादव
बाजेको नाम : सत्यदेब यादव
ठेगाना : महेशपुर पतारी - १, सिरहा
हाल : लक्ष्मीपुर पतारी - ३, सिरहा
ना.प्र.प.नं. : १५-०१-७३-०६५३७
जि.प्र.का. सिरहा
जारी मिति : २०७३/०७/२९

**२. नाम : राम शंकर यादव**
बाबुको नाम : करीया यादव
बाजेको नाम : सत्यदेब यादव
ठेगाना : महेशपुर - १, सिरहा
हाल : लक्ष्मीपुर पतारी - ३, सिरहा
ना.प्र.प.नं. : १५१०३१/१७९५३
जि.प्र.का. सिरहा
जारी मिति : २०६८/०९/१२

**३. नाम : प्रगास देवी यादव**
पतिको नाम : करीया यादव
ससुराको नाम : सत्यदेब यादव
ठेगाना : महेशपुर पतारी - १, सिरहा
हाल : लक्ष्मीपुर पतारी - ३, सिरहा
ना.प्र.प.नं. : १५१०३१/४२५
जि.प्र.का. सिरहा
जारी मिति : २०६३/११/२५

**४. नाम : करीया यादव**
बाबुको नाम : सत्यदेब यादव
बाजेको नाम : सन्ती यादव
ठेगाना : महेशपुर - १, सिरहा
हाल : लक्ष्मीपुर पतारी - ३, सिरहा
ना.प्र.प.नं. : १/१६
जि.प्र.का. सिरहा
जारी मिति : २०४६/०२/३०

**धितोको विवरण**
प्रगास देवी यादवको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको लहान वजार - ६ ख, सिरहा स्थित कित्ता नं. ३३७ को क्षेत्रफल ०-०-१०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

क.सं. | ऋणीको विवरण

**४.** **नाम : जय माता द्धी स्टिल प्रा.लि.**
दर्ता कार्यालय : नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालय
दर्ता नं. : १५१९८९/०७२/०७४, दर्ता मिति : २०७३/०४/०२
कार्यालय ठेगाना : चोरनी - ५, पर्सा
**प्रोप्राईटर : रोहित राज र आदेश जयसवाल, शाखा कार्यालय : वीरगंज**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : रोहित राज**
बाबुको नाम : सत्येन्द्र प्रसाद
बाजेको नाम : शम्भु प्रसाद
ठेगाना : वीरगंज - १३, पर्सा
ना.प्र.प.नं. : ३४३०२२-१३/२०१
जि.प्र.का. पर्सा
जारी मिति : २०६३/१२/२४

**२. नाम : आदेश जयसवाल**
बाबुको नाम : जय श्रीलाल प्रसाद
बाजेको नाम : जगरनाथ प्रसाद चौधरी कलवार
ठेगाना : कर्चोवा - ५, बारा
हाल : वीरगंज - १३, पर्सा
ना.प्र.प.नं. : ३३-०१-७२-०७३१३ जि.प्र.का. पर्सा
जारी मिति : २०७२/१२/१५

**३. नाम : जयश्रीलाल प्रसाद**
बाबुको नाम : जगरनाथ प्रसाद चौधरी कलवार, बाजेको नाम : गोकुल साह कलवार
ठेगाना : कर्चोवा - ५, बारा, हाल : वीरगंज - १३, पर्सा
ना.प्र.प.नं. : ३४७०/१०९७, जि.प्र.का. पर्सा, जारी मिति : २०७२/१२/१४

**धितोको विवरण**
जय माता दी स्टील प्रा.लि. को नाममा मालपोत कार्यालय पर्सामा दर्ता रहेको चोर्नी - ५, पर्सा स्थित कित्ता नं. ४६, २४८ र ४३ क्षेत्रफल क्रमश: ४०००.००, ५०७.९५ र ३३६०.०० ब.मि को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

**५.** **नाम : काशमीरा सिद्धीकी**
पतिको नाम : शेख जौहर अली, ससुराको नाम : शेख असरफ अली
ठेगाना : मठीया - ३, रौतहट, हाल : बृन्दावन - ६, रौतहट
ना.प्र.प.नं. : २८०, जि.प्र.का. रौतहट, जारी मिति : २०४४/११/१७
**शाखा कार्यालय : चन्द्रनिगाहपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : शेख जौहर अली**
बाबुको नाम : शेख असरफ अली
बाजेको नाम : शेख तसलिम
ठेगाना : सखुआवा धमौरा - ९, रौतहट
हाल : बृन्दावन - ६, रौतहट
ना.प्र.प.नं. : ३०८५
जि.प्र.का. रौतहट
जारी मिति : २०४३/१०/२५

**२. नाम : रासिद अली**
बाबुको नाम : शेख जौहर अली
बाजेको नाम : शेख असरफ अली
ठेगाना : सखुआवा धमौरा - ९, रौतहट
हाल : बृन्दावन - ६, रौतहट
ना.प्र.प.नं. : ३२२०८४/९६
जि.प्र.का. रौतहट
जारी मिति : २०७६/०४/११

**३. नाम : लुकमान अख्तर**
बाबुको नाम : शेख जौहर अली, बाजेको नाम : शेख असरफ अली
ठेगाना : बृन्दावन - ६, रौतहट
ना.प्र.प.नं. : ३२-०२-७६-०१३३१, जि.प्र.का. रौतहट, जारी मिति : २०७६/०३/०१

**धितोको विवरण**
काशमीरा सिद्धीकीको नाममा मालपोत कार्यालय चन्द्रपुरमा दर्ता श्रेष्ता कायम रहेको सखुअवा धमौरा - ९, रौतहट स्थित कित्ता नं. १३६६ को क्षेत्रफल: ०-३-०, को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

**६.** **नाम : विशेश्वर प्रसाद साह**
बाबुको नाम : बुधु साह तेली, बाजेको नाम : रामजी साह
ठेगाना : रामपुर जमुवा - ९, सप्तरी, हाल : शम्भुनाथ - १०, सप्तरी
ना.प्र.प.नं. : ४११४, जि.प्र.का. सप्तरी, जारी मिति : २०५७/०४/०९
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : रितेश कुमार साह**
बाबुको नाम : विशेश्वर प्रसाद साह
बाजेको नाम : बुधु साह तेली
ठेगाना : शम्भुनाथ - १०, सप्तरी
ना.प्र.प.नं. : १६-०१-७९-०७२०७
जि.प्र.का. सप्तरी
जारी मिति : २०७९/०६/०५

**२. नाम : अशोक कुमार साह**
बाबुको नाम : विशेश्वर प्रसाद साह
बाजेको नाम : बुधु साह तेली
ठेगाना : शम्भुनाथ - १०, सप्तरी
ना.प्र.प.नं. : १६-०१-७९-०७२१४
जि.प्र.का. सप्तरी
जारी मिति : २०७९/०६/०५

**३. नाम : अंजली देवी साह**
पतिको नाम : विशेश्वर प्रसाद साह, ससुराको नाम : बुधु साह तेली
ठेगाना : रामपुर जमुवा - ९, सप्तरी हाल : शम्भुनाथ - १०, सप्तरी
ना.प्र.प.नं. : ४४४३/१३३९३, जि.प्र.का. सप्तरी, जारी मिति : २०६१/०६/०४

**धितोको विवरण**
१. विशेश्वर प्रसाद साहको नाममा मालपोत कार्यालय राजबिराज, सप्तरीमा दर्ता रहेको रामपुर जमुवा - ९, सप्तरी स्थित कित्ता नं. ५९१ र ५९५ को क्षेत्रफल क्रमश: ०-१-५.५-० र ०-१-१३.५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. अंजली देवी साहको नाममा मालपोत कार्यालय राजबिराज, सप्तरीमा दर्ता रहेको रामपुर जमुवा - ३, सप्तरी स्थित कित्ता नं. १७३ को क्षेत्रफल क्रमश: ०-१-०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

**७.** **नाम : कामेश्वर यादव**
बाबुको नाम : पशुपति यादव, बाजेको नाम : राम देव रान
ठेगाना : जनकनन्दिनी - ६, धनुषा
ना.प्र.प.नं. : १७-०१-७६-०८६०६, जि.प्र.का. धनुषा, जारी मिति : २०७६/०५/२७
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : कामेश्वर यादव**
बाबुको नाम : पशुपति यादव
बाजेको नाम : राम देव रान
ठेगाना : जनकनन्दिनी - ६, धनुषा
ना.प्र.प.नं. : १७-०१-७६-०८६०६
जि.प्र.का. धनुषा
जारी मिति : २०७६/०५/२७

**२. नाम : राम दुलारी कुमारी यादव**
पतिको नाम : पशुपति यादव
ससुराको नाम : राम देव रान
ठेगाना : बल्हाकठाल - ५, धनुषा
हाल : जनकनन्दिनी - ६, धनुषा
ना.प्र.प.नं. : ०६२१४१६६
जि.प्र.का. धनुषा
जारी मिति : २०४५/०२/०६

**३. नाम : पशुपति यादव**
बाबुको नाम : राम देव रान, बाजेको नाम : मखन रान
ठेगाना : बल्हाकठाल - ५, धनुषा, हाल : जनकनन्दिनी - ६, धनुषा
ना.प्र.प.नं. : ०६२१४०७७, जि.प्र.का. धनुषा, जारी मिति : २०४५/०२/०४

**धितोको विवरण**
पशुपति यादवको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता बेंगा शिवपुर - ७ ख, धनुषा, हाल जनकपुर - १९, धनुषा स्थित कित्ता नं. २२०५ को क्षेत्रफल ०-०-७-५ (विगाहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

क.सं. | ऋणीको विवरण

**८.** नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिजय विभाग कार्यालयमा मिति २०७९/०८/१९ मा दर्ता नं. ११३९१/३७९/४७७/२५ अन्तर्गत दर्ता भई वृन्दावन - ७, रौतहट रजिष्टर्ड कार्यालय रहेको **मुना पोल्ट्री**
**संचालक तथा शेयरधनी : मुना आलम, शाखा कार्यालय : चन्द्रनिगाहपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : मुना आलम**
बाबुको नाम : शेख नुर महमद
बाजेको नाम : शेख हेफाजत
ठेगाना : गरुडा - ९, रौतहट
ना.प्र.प.नं. : ३२-०२-७६-०५३७३
जि.प्र.का. रौतहट
जारी मिति : २०७६/११/१५

**२. नाम : शेख उजाले**
बाबुको नाम : शेख नुर महमद
बाजेको नाम : शेख हेफाजेत
ठेगाना : गरुडा - ९, रौतहट
ना.प्र.प.नं. : ३२-०२-७६-०५२७६
जि.प्र.का. रौतहट
जारी मिति : २०७६/११/१२

**३. नाम : शे. नेहाल अहमद**
बाबुको नाम : शेख नुर महमद
बाजेको नाम : शेख हेफाजत
ठेगाना : रघुनाथपुर -५, रौतहट
हाल : गरुडा - ९, रौतहट
ना.प्र.प.नं. : ३२३०८३/४४
जि.प्र.का. रौतहट
जारी मिति : २०७०/०२/२६

**४. नाम : नुरसावा नेशा**
पतिको नाम : हेलाल अहमद
ससुराको नाम : नुर महमद
ठेगाना : गरुडा - ९, रौतहट
ना.प्र.प.नं. : ३२-०२-७६-०२३९३
जि.प्र.का. रौतहट
जारी मिति : २०७६/०५/०१

**धितोको विवरण**
मुना आलमको नाममा मालपोत कार्यालय चन्द्रपुरमा दर्ता श्रेष्ता कायम रहेको सखुअवा धमौरा - १, रौतहट स्थित कित्ता नं. १५५१ र १५४८ को क्षेत्रफल क्रमश: ०-१-८.७५-० र ०-०-१४.७५-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

**९.** **नाम : ओसिय कतर**
बाबुको नाम : शेख जाहुल हक, बाजेको नाम : शे. इसु
ठेगाना : कनकपुर - २, रौतहट, हाल : गुजरा - ४, रौतहट
ना.प्र.प.नं. : ३२३०६३/३१, जि.प्र.का. रौतहट, जारी मिति : २०६३/११/२०
**शाखा कार्यालय : चन्द्रनिगाहपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : इसलामुन नेसा**
पतिको नाम : शेख जाहुल हक
ससुराको नाम : शे. इसु
ठेगाना : कनकपुर - २, रौतहट
हाल : गुजरा - ४, रौतहट
ना.प्र.प.नं. : १३८६, जि.प्र.का. रौतहट
जारी मिति : २०४४/१२/०४

**२. नाम : शेख जाहुल हक**
बाबुको नाम : शे. इसु
ठेगाना : कनकपुर - २, रौतहट
हाल : गुजरा - ४, रौतहट
ना.प्र.प.नं. : ३२३०६३/३१
जि.प्र.का. रौतहट
जारी मिति : २०६३/११/२०

**३. नाम : इसलामुन खातुन**
पतिको नाम : ओसिय कतर
ससुराको नाम : शेख जाहुल हक
ठेगाना : जोकहा - ६, रौतहट
हाल : गुजरा - ४, रौतहट
ना.प्र.प.नं. : ४१७४१३८३
जि.प्र.का. रौतहट
जारी मिति : २०३९/०५/०७

**४. नाम : शे. नसीम अख्तर**
बाबुको नाम : शेख जाहुल हक
बाजेको नाम : शे. इसु
ठेगाना : कनकपुर - २, रौतहट
हाल : गुजरा - ४, रौतहट
ना.प्र.प.नं. : ९२३०६३/३७
जि.प्र.का. रौतहट
जारी मिति : २०६३/११/१४

**धितोको विवरण**
१. ओशिय कतरको नाममा मालपोत कार्यालय चन्द्रपुर, रौतहटमा दर्ता रहेको कनकपुर - २ क, रौतहट स्थित कित्ता नं. ५०९ र ५४७ को क्षेत्रफल क्रमश: ०-७-० र ०-३-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. इसलामुन नेसाको नाममा मालपोत कार्यालय चन्द्रपुर, रौतहटमा दर्ता रहेको कनकपुर - २ क, रौतहट स्थित कित्ता नं. ७५६ को क्षेत्रफल ०-४-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

**१०.** **नाम : उत्तम पशु तथा कृषी फार्म**
दर्ता नं. : ९७८५/०७५/०७६, दर्ता मिति : २०७६/०३/१८
दर्ता गर्ने निकाय : नेपाल सरकार घरेलु तथा साना उद्योग विभाग
**संचालक/शेयरधनी/प्रोप्राइटर : रिणा देवी राय, शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : रिणा देवी राय**
पतिको नाम : अरुन कुमार राय
ससुराको नाम : देव नारायण अमात
ठेगाना : हनुमान नगर - ९, सिरहा
हाल : धनगढीमाई - ३, सिरहा
ना.प्र.प.नं. : ३५६६१३३०
जि.प्र.का. सिरहा
जारी मिति : २०५४/१२/१९

**२. नाम : अरुन कुमार राय**
बाबुको नाम : देव नारायण अमात
बाजेको नाम : वद्रीलाल
ठेगाना : हनुमान नगर - ७, सिरहा
हाल : धनगढीमाई - ३, सिरहा
ना.प्र.प.नं. : ६६१/१७३३
जि.प्र.का. सिरहा
जारी मिति : २०४४/११/१९

**३. नाम : धिरज राय**
बाबुको नाम : अरुन कुमार राय, बाजेको नाम : देव नारायण अमात
ठेगाना : धनगढीमाई - ३, सिरहा
ना.प्र.प.नं. : १५०१७३/०३०३७, जि.प्र.का. सिरहा, जारी मिति : २०७३/०३/२८

**धितोको विवरण**
१. रिणा देवी रायको नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेष्ता कायम रहेको हनुमाननगर - ६, सिरहा स्थित कित्ता नं. १७१ र ३०१ को क्षेत्रफल क्रमश : ०-३-०-० र ०-१२-०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. अरुन कुमार रायको नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेष्ता कायम रहेको हनुमाननगर - ६ क, सिरहा स्थित कित्ता नं. १७३ को क्षेत्रफल ०-१२-४-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत

**ऋणीको विवरण**

**११.** **नाम : गोनउर मिया मंसुरी**
बाबुको नाम : इमान मियाँ धुनिया, बाजेको नाम : धनइ मिया
ठेगाना : विश्रामपुर - २, रौतहट, हाल : वृन्दावन - ३, रौतहट
ना.प्र.प.नं. : १६४९१८७३, जि.प्र.का. रौतहट, जारी मिति : २०३९/११/२५
**शाखा कार्यालय : चपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : इम्रान मिया मंसुरी**
बाबुको नाम : गोनउर मिया मंसुरी
बाजेको नाम : इमान मियाँ धुनिया
ठेगाना : विश्रामपुर - २, रौतहट
हाल : वृन्दावन - ३, रौतहट
ना.प्र.प.नं. : ३२२०९७/१३९
जि.प्र.का. रौतहट
जारी मिति : २०६९/०१/०३

**२. नाम : हकिमा खातुन**
पतिको नाम : गोनउर मिया मंसुरी
ससुराको नाम: इमान मियाँ धुनिया
ठेगाना : विश्रामपुर - २, रौतहट
हाल : वृन्दावन - ३, रौतहट
ना.प्र.प.नं. : ०३२३०९७/३९२
जि.प्र.का. रौतहट
जारी मिति : २०६३/१२/३०

**धितोको विवरण**
गोनउर मिया मंसुरीको नाममा मालपोत कार्यालय चन्द्रपुर, रौतहटमा दर्ता रहेको डुमरीया (म) - ६ ख, रौतहट स्थित कित्ता नं. ८२ को क्षेत्रफल ०-११-५ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

**१२.** **नाम : माला देवी**
पतिको नाम : ज्ञनोद साह, ससुराको नाम : विन्देश्वर लहेरी
ठेगाना : जनकपुर - १६, धनुषा
ना.प्र.प.नं. : १७११०२/१२०, जि.प्र.का. धनुषा, जारी मिति : २०६४/०८/१३
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : ज्ञनोद साह**
बाबुको नाम : विन्देश्वर लहेरी
बाजेको नाम : रोदिया साह
ठेगाना : जनकपुर - १६, धनुषा
ना.प्र.प.नं. : ३९६९४२३५
जि.प्र.का. धनुषा
जारी मिति : २०६२/०१/२९

**२. नाम : रोहित साह**
बाबुको नाम : ज्ञनोद साह
बाजेको नाम : विन्देश्वर लहेरी
ठेगाना : जनकपुर - १६, धनुषा
ना.प्र.प.नं. : १७-०१-७९-०८३९९
जि.प्र.का. धनुषा
जारी मिति : २०७९/०५/१०

**धितोको विवरण**
माला देवीको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता जनकपुर - १६, धनुषा स्थित कित्ता नं. २६९ को क्षेत्रफल ७०.९१ (व.मि.) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालयः
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

# नाम सार्वजनिक शौचालय, काम आवास गृह

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा रहेका सार्वजनिक शौचालय अहिले आवास गृहमा परिणत भएको छ।



जनकपुरधाममा शौचालय अभाव रहेको कुरा दिनानुदिन चलिरहँदा सरकारले भने शौचालय निर्माणका लागि बजेट छुट्याइ काम गरिरहे पनि हालसम्म रहेका सार्वजनिक शौचालयको अवस्थाबारे बेवास्ता गर्दा शौचालय नै घर बनेको पाइएको छ।

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले झन्डै २९ लाख २२ हजार रुपैयाँ खर्चेर निर्माण गरेको सो संरचना अहिले एक सरसफाइकर्मीका परिवारले निजी आवासको रूपमा प्रयोग गरिरहेको छ। ढोकामा फलामको मोटो गेट लगाएर ताल्चा मारिएको सो भवन अहिले सर्वसाधारणका लागि पूर्णरूपमा बन्द छ।

शौचालय निर्माण "जिआइ-जिडी-०३-०६७/६८" प्रोजेक्ट अन्तर्गत सावित्री निर्माण सेवाले सम्पन्न गरेको थियो। तर, निर्माणपछि हस्तान्तरणको प्रक्रिया अघि बढ्दै गर्दा भ्रष्टाचारको आरोप लाग्यो र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्दा दर्ता भएको छ।

विशेष अदालतले दिगम्बर राय (अध्यक्ष), सूर्यदेव साह (कार्यकारी निर्देशक), उषा मिश्र (नासु), उत्तमराज शर्मा ढकाल (लेखापाल) र इञ्जिनियर राजेश्वर साहलाई दोषी ठहर गरेको छ । सो मुद्दा अहिले सर्वोच्च अदालतमा विचाराधीन रहेको भने अदालतले संरचना "यथास्थितिमा राख्न" आदेश दिएको थियो।

हाल सो भवनमा सरसफाइकर्मी दिपक मलिक आफ्नी पत्नी र दुई छोराछोरीसहित स्थायी रूपमा बसोबास गर्दै आएका छन्।

सो भवनको छेउमा बाँसबारीको पर्खालसँग टाँसिएको जग्गामा निर्माण कार्य भइरहेको छ । धनुषा धनुषा चेम्बर अफ कमर्सका अध्यक्ष विजय साहले हामीले डेढ कठ्ठा जग्गा लिजमा लिएका हौँ र प्रदेश सरकार तथा उपमहानगरको सहयोगमा विवाह मण्डप तथा सभा हल बनाउँदैछौं। शौचालय रहेको संरचनासँग हाम्रो कुनै सरोकार नरहेको बताउँन्।

स्थानीय बासिन्दा रामपुकार साहले खुला भ्रष्टाचार रहेको बताए । उनले जनताको पैसाले बनेको भवनमा निजी रूपमा कोही बसिरहेको भन्दै आक्रोश व्यक्त गरे।

त्यस्तै, स्थानीय महिला समूहकी प्रतिनिधि सुनिता साहले भनिन्, "हामी महिलाहरू सार्वजनिक स्थानमा शौचालयको अभावमा समस्यामा छौँ । सरकारको योजना अन्तर्गत बनेको संरचना नै निजी आवास बनेको छ भने यो अत्यन्त लाजमर्दो अवस्था छ।"

# प्रादेशिक अस्पतालमा चरम अनियमिता, तीन दिने अल्टिमेटम

**सिरहा नगरपालिका वडा -६ का वडाध्यक्ष इन्द्रजित गोठिया यादवको विशेष पहलमा युवाको समूहले प्रादेशिक अस्पतालमा भइरहेको चरम भ्रष्टाचार, अनियमिता, औषधिमा खरिदमा कमिसनको चलखेल, राज्यको रकम हिनामिना तथा सेवाग्राहीले भोग्नु परेको दुःख कष्टको विरुद्धमा १९ बुँदे माग राख्दै अस्पताल प्रशासनलाई ज्ञापन पत्र बुझाएको छ ।**

**टुडे समाचारदाता**

सिरहा । प्रादेशिक अस्पताल सिरहामा अनियमितता भएको भन्दै स्थानीय युवाहरुको एक समूहले विभिन्न माग राख्दै ज्ञापनपत्र बुझाएका छन्।

सिरहामा सोमबार प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट सुनिल कुमार कुशवाहालाई अस्पताल सुधारको माग राखि ज्ञापन पत्र बुझाएका छन्।

सिरहा नगरपालिका वडा -६ का वडाध्यक्ष इन्द्रजित गोठिया यादवको विशेष पहलमा युवाको समूहले प्रादेशिक अस्पतालमा भइरहेको चरम भ्रष्टाचार, अनियमिता, औषधिमा खरिदमा कमिसनको चलखेल, राज्यको रकम हिनामिना तथा सेवाग्राहीले भोग्नु परेको दुःख कष्टको विरुद्धमा १९ बुँदे माग राख्दै अस्पताल प्रशासनलाई ज्ञापन पत्र बुझाएको छ।



अस्पतालका मेसु डा. कुशवाहालाई कार्यालयमै पुगेर उक्त माग समेटिएको ज्ञापनपत्र बुझाएको हो । सिरहाको सचेत सिरहाली युवाहले सो ज्ञापनपत्रमार्फत अस्पतालमा व्याप्त अनियमितता र अव्यवस्थाको तत्काल अन्त्य हुनुपर्ने माग राखी सुधार गर्न तीन दिने अल्टिमेटम पनि दिएको वडाध्यक्ष यादवले बताए।

सो ज्ञापनपत्रमा विगत विगत तीन आर्थिक वर्षमा खरिद भएको औषधिहरुको हिसाव, विरामीलाइ वितरण भएको औषधिको तथ्यांक, म्याद सकिएको औषधिको तथ्यांक, खरिद भएको ल्याबको समान र रिऐजन्टहरुको हिसाव किताब, आमा सुरक्षा कार्यक्रमको हिसाव किताव, उपचार गराएका बिरामीहरुको नामावली, सिरहा प्रादेशिक अस्पतालको हालसम्मको सम्पूर्ण कर्मचारीहरुको नामावलीसहितको नियुक्ति प्रक्रियाको कागजातहरु माग गरिएको छ।

प्रादेशिक अस्पताल सिरहामा रहेको मेसिन, सटर, झ्याल, ढोकाजस्ता काठजस्य अन्य समानहरुको हिसाब, बिरामीको पुर्जी काट्ने काउन्टर र फार्मेसी काउन्टरबाट जम्मा भएको रकमको हिसाब, निशुल्क र शुल्क लाग्ने औषधिहरुको विवरण, विगत ३ वर्षदेखि हालसम्म भएको खर्चको बैंक स्टेटमेन्ट, अस्पतालमा कार्यरत कर्मचारीहरु तलव भत्ता प्रत्येक महिना दिने व्यवस्था मिलाउने, प्रत्येक कर्मचारीहरुको ड्रेस कोडको व्यवस्था, सरसफाइ तथा सम्पूर्ण कर्मचारीको नामावली र समय तालिका सहित सूचनापाटी टास हुनु पर्ने व्यवस्था, विद्युत व्यवस्थापन तथा ब्लड बैंकको व्यवस्थानलगायतको माग गरिएको छ।

त्यस्तै अस्पतालको पारामिटर, मे.सु. र अध्यक्ष दिनहु कार्यालयमा बस्ने व्यवस्था, प्रत्येक महिनामा रेफेर भएका बिरामीहरुको तथ्यांक, औषधि वितरणको तथ्यांक, शल्यक्रिया गरिएका बिरामीको तथ्यांक, मृत्यु भएकाको तथ्यांक र ओपिडिमा जाँच गराएको सूचनापाटीमा टाँससहित पारदर्शीता गर्नु पर्ने, प्रादेशिक अस्पतालको शीर्षक बमोजिकको आम्दनी र खर्चको विवरण र दरबन्दी रहेको कर्मचारीहरुको कामकाज फिर्तालगायतका माग समेत रहेको छ।

# पुस्तक व्यवसायी आन्दोलित




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम नगरक्षेत्रका सम्पूर्ण निजी विद्यालयहरूमा एकरूपता सहितको पाठ्यपुस्तक सूची लागु गर्ने निर्णय जनकपुरधाम उपमहानगरपालिकाले गरे पनि कार्यान्वयन नहुँदा पुस्तक व्यवसायीहरू आन्दोलित भएका छन्।

नेपाल पुस्तक व्यवसायी संघ धनुषाले सोमबार जनक चोकदेखि भानु चोकसम्म विरोध प्रदर्शन गर्दै पालिकाको ढुलमुले रवैयाको कडा विरोधस्वरुप प्रदर्शन गरेको छ। संघले जनाए अनुसार नगरपालिकाको निर्णयमा ढिलाइले व्यवसायीहरूको करोडौं लगानी जोखिममा परेको छ।

पुस्तक व्यवसायी संघका धनुषा सह-सचिव बजरंग यादवले भने, 'जनकपुरधाम नगर सरकारले सार्वजनिकरूपमा बुक लिस्टको एकरूपता अनिवार्य गर्ने निर्णय गरेको थियो । त्यसका आधारमा हामी पुस्तक विक्रेताहरूले लाखौंको लगानीमा किताब पसलमा ल्यायौं। तर, अहिले कार्यान्वयन नगर्ने देखिँदा हाम्रो लगानी डुब्ने अवस्थामा छ।' जनकपुरधाम उपमहानगरपालिकाले स्पष्ट कार्यान्वयन समयसीमा र अनुगमनको मापदण्ड नतोक्दा अभिभावक र निजी विद्यालयहरू अन्योलमा छन् । अधिकांश विद्यालयहरू बेग्लै लिस्ट जारी गरिरहेका छन्। यसले पालिकाको निर्णयलाई कमजोर बनाइरहेको उनीहरूले आरोप लगाएका छन्।

पालिकाको निर्णय अनुसार नगरका सबै निजी विद्यालयहरूमा एकै प्रकारको पुस्तक सूची लागू गर्दा विद्यार्थीबीच शैक्षिक समानता, अभिभावकमा आर्थिक भार न्यूनीकरण र अनावश्यक र महँगा पुस्तक बिक्रीमा नियन्त्रण आउने विश्वास गरिएको थियो।

केही निजी विद्यालयहरूले पुस्तक पसलसँग मिलेमतो गरी आफूखुसी किताबको लिस्ट तयार गरी अभिभावकमाथि महँगा पुस्तक किन्ने दबाब दिइरहेको संघको भनाइ छ।

जनकपुरधाम उपमहानगरपालिकाले 'बुक लिस्ट' सम्बन्धी निर्णय चाँडै लागू गर्ने भनिए पनि कुनै ठोस कार्ययोजना सार्वजनिक नगरेको भन्दै व्यवसायीहरूले निराशा व्यक्त गरेका छन्।

# भन्सार अगाडि व्यापारीको धर्ना जारी

**सञ्जय मिश्र**

रौतहट । कृषि र फुड क्वारेन्टाइनको माग राख्दै ब्यापारी तथा व्यावसायीहरु गौर भन्सार कार्यालय अगाडी दोस्रो दिन पनि धर्नालाई निरन्तरता दिएको छ।

स्थानीय व्यापारी कौशल साहको नेतृत्वमा आइतबार देखि दर्जन बढी व्यापारीहरु गौर भन्सार कार्यालयको मुख्य गेटमा धर्नामा बस्दै आएका हुन्। पूर्व निर्धारित कार्यक्रम अनुसार व्यापारीहरु सोमवार दिउसो १२ बजे देखि २ बजेसम्म धर्ना तथा प्रदर्शन गरेका छन्।

गौर भन्सारमा कृषि तथा फुड क्वारेन्टाइन नहुँदा यहाँका दर्जनौं व्यापारीहरु वीरगञ्ज र सर्लाही जानुपर्ने बाध्यता रहेको छ।

पटक पटक सम्बध निकायलाई ध्यानाकर्षण गराउँदा कुनै वास्ता नगरेको भन्दै स्थानीय व्यापारी कौशल साहको अगुवाइमा गत चैत ३१गते गौर भन्सार कार्यालय प्रमुख मार्फत अर्थ मन्त्रीलाई ज्ञापन पत्र बुझाएको थियो।

गत ६ गते सम्म समस्या समाधान नगरिए आइतबार वैशाख ७ देखि १५ गतेसम्म शान्तिपूर्ण रुपमा धर्ना प्रदर्शन गर्ने कार्यक्रम रहेको व्यापारी कौशल साह सहितले बुझाएको ज्ञापन पत्रमा उल्लेख गरिएको छ। त्यसपछी माग पुरा गराउन वैशाख १६ गते देखि अनिश्चितकालीन भन्सार कार्यालयमा तालाबन्दी गर्ने ज्ञापन पत्र मार्फत व्यापारीहरूले चेतावनी दिएका थिए।




खाद्यान्न, फलफूल, आलु, प्याज तरकारीलगायतका सामानहरु कृषि उपज सामग्री भारतबाट ल्याउँदा कृषि र फुड क्वारेन्टाइन नहुँदा वीरगञ्ज सर्लाही भएर ल्याउँदा ढुवानी खर्चसंगै अनावश्यक समय बढी खर्चिनुपरेको व्यापारीहरले गुनासो गरेका छन्।

२०३३ सालमा गौर भन्सार कार्यालयको स्थापना भइ नियमित सञ्चालन रहेको भएपनि आए पनि सरकारले ध्यान नदिँदा यहाँका व्यापार व्यवसाय प्रभावीत हुनुका साथै बार्षीक लक्ष्य अनुसार राजश्व समेत संकलन हुन नसकेको कर्मचारीहरुले गुनासो गरेका छन्।

व्यापारीहरूले सुरुगरेको धर्ना पहिलो दिन आइतबार १ घण्टा र सोमबारदेखि क्रमशः एक एक घण्टा थप हुँदै जाने व्यवसायीहरुले बताएका छन्। पूर्वप्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालको गृह नगर गौरका व्यापारी, व्यवसायीको समस्या समाधान गर्न अहिले सम्म कुनै नेता अथवा निर्वाचित जनप्रतिनिधिले किन आवाज उठाएनन चौतर्फी गुनासो सुरु भएको छ।

यहाँका जनप्रतिनिधिलाई व्यापारीको हकहितको लागि केही बोल्न र गर्न कस्ले रोकेका छन्। यस रौतहट क्षेत्र न.१ को सांसद एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, प्रदेश सांसद नागेन्द्र साह, गौर नगरपालिकाका मेयर शम्भु साहलगायतको मौनताले विभिन्न प्रश्न उब्जिएको व्यापारीको भनाइ छ।

# अनुमति बिना चलाइएका विद्यालयमाथि कडाइ

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाभित्र अनुमति बिना सञ्चालनमा रहेका निजी शैक्षिक संस्थाहरूमाथि निगरानी कडाइका साथ शुरु गरेको छ । सामुदायिक विद्यालयप्रति बेवास्ता गर्दै जनकपुरधाम उपमहानगरपालिकाले निजी विद्यालयप्रति नरम हुँदै भर्ना अभियान सञ्चालन रहेको बेला कडाइ गरेको बताउँदै आएको छ।



जनकपुरधाम उपमहानगरपालिकाको शिक्षा तथा खेलकुद विकास शाखाका प्रमुख धीरेन्द्र लाल कर्णले हस्ताक्षर गरेको सार्वजनिक सूचनामा भनिएको छ, 'पछिल्लो समय नगरभित्र अनुमति नलिइकन सञ्चालनमा रहेका केही शैक्षिक संस्थाहरूको जानकारी प्राप्त भएको छ। यस्तो कार्य प्रचलित कानुनको उल्लङ्घन भएको र पालिकाले तिनलाई नियमनको दायरामा ल्याउने प्रक्रिया थालेको छ।'

शैक्षिक गुणस्तर, विद्यार्थीको सुरक्षा र भविष्यको सुनिश्चितताका लागि पालिकाले अभिभावकहरूलाई पनि जिम्मेवार बन्न आग्रह गरेको छ। सूचनामा पालिकाले अभिभावकहरूलाई अनुमति नपाएका विद्यालयमा आफ्ना बालबालिकालाई भर्ना नगर्न स्पष्ट अनुरोध गरेको छ। पालिकाले चेतावनी दिँदै भनेको छ कि यदि समयमै कानुनी प्रक्रिया पूरा नगरेमा त्यस्ता विद्यालयहरूलाई कारबाही गरिने जनाइएको छ।

केही विद्यालय शैक्षिक गुठी, धार्मिक संस्था, निजी गुठी वा सामुदायिक सिकाई केन्द्रको नाममा सञ्चालन भइरहेका छन्, तर ती विद्यालयमा शिक्षककहरूको योग्यता नपुगेको, पाठ्यक्रमको अव्यवस्था देखिएको, तथा भौतिक संरचना र बालबालिकाको सुरक्षासम्बन्धी न्यूनतम मापदण्डसमेत पूरा नगरेको पाइएको जनाएको छ।

यस्ता अनियमित विद्यालयमा अध्ययनरत विद्यार्थी भविष्यमा सरकारी मान्यता प्राप्त प्रमाणपत्रबाट वञ्चित हुने, छात्रवृत्ति पाउने अवसर गुमाउने र अन्य सरकारी सेवाबाट पनि टाढा पर्ने सम्भावना रहेको जनकपुरधाम उपमहानगरपालिकाले जनाएको छ।

शाखा प्रमुख कर्णले जनाए अनुसार धेरै विद्यालयहरूले आफूखुसी शुल्क असुल्ने, शिक्षक नियुक्तिमा पारदर्शिता नराख्ने र सरकारी निर्देशनको पालना नगर्ने गुनासो पनि पालिकामा बढ्दै गएको छ। यस्तो अवस्थालाई सुधार गर्न पालिकाले विद्यालयहरूको दर्ता, निरीक्षण र मूल्यांकन प्रक्रिया तीव्र बनाएको छ।

# संयुक्त ट्रेड युनियन सञ्जालको ज्ञापनपत्र

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीयताको सुदृढ कार्यान्वयनमा बाधा पुऱ्याउने गरी आफ्ना जायज मागहरूलाई बेवास्ता गरेको भन्दै नेपाल निजामती कर्मचारीहरूको संयुक्त ट्रेड युनियन सञ्जालले सरकारलाई आन्दोलनको चेतावनी दिएको छ । सञ्जालले सोमबार मधेश प्रदेशका प्रमुख सचिवमार्फत प्रदेश सभामुखलाई ज्ञापनपत्र बुझाउँदै आफ्नो असन्तोष सार्वजनिक रूपमा व्यक्त गरेको छ।



सो ज्ञापनपत्रमा संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि निजामती कर्मचारीहरूको भूमिका अपरिहार्य रहेको उल्लेख गर्दै सरकारले उनीहरूको योगदानलाई उपेक्षा गरेको आरोप लगाएको छ।

सञ्जालका संयोजकद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा भनिएको छ, "हामी आफ्ना मागबारे संवाद, सहकार्य र संयमको बाटो रोजिरहेका छौं, तर लगातारको बेवास्ता र अपमानजनक व्यवहारका कारण अब कठोर निर्णय लिन बाध्य हुन सक्छौं।"

सञ्जालले सरकारसमक्ष संघीय निजामती सेवा ऐनको शीघ्र कार्यान्वयन, प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापनको स्पष्ट मापदण्ड, सेवाअवधि, पदोन्नति, तालिम तथा सरुवा प्रक्रियामा पारदर्शिता, तलब, भत्ता र सेवासुविधामा संविधानअनुसारको समन्वय, ट्रेड युनियन अधिकारको सम्मान तथा दमनकारी नीतिको अन्त्यलगायतका मागहरू प्रस्तुत गरेको छ।

सो ज्ञापनपत्रमा संविधानले प्रत्याभूत गरेका अधिकार सुनिश्चित नगरी सरकारद्वारा गरिँदै आएको व्यवहार लोकतान्त्रिक मूल्य र सिद्धान्तको अपमान भएको भन्दै कर्मचारी व्यवस्थापन कमजोर पार्ने कुनै पनि प्रयासलाई प्रतिरोध गरिने चेतावनी दिएको छ।

# पूर्ववडाध्यक्ष किर्ते जालसाजीमा पक्राउ

**टुडे समाचारदाता**

लहान । सिरहाको नवराजपुर गाउँपालिका-२ का पूर्ववडाध्यक्ष खुशीलाल साह किर्ते जालसाजी मुद्दामा पक्राउ गरेको प्रहरीले जनाएको छ।

पूर्ववडाध्यक्ष साहलाई सोमबार बिहान घरमा लुकिछिपी बसिरहेको अवस्थामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। उनले वर्तमान वडाध्यक्षको हस्ताक्षर र वडा कार्यालयको छाप किर्ते गरेको आरोपमा पक्राउ गरेको छ।



सिरहा प्रहरीले जनाए अनुसार २०८० माघ १९ मा उनले वडाध्यक्ष सुरेशकुमार यादवको नक्कली हस्ताक्षर र वडा कार्यालयको छापसमेत किर्ते गरी चारकिल्ला सिफारिस बनाएको भन्दै उजुरी परेको थियो । अदालतबाट म्याद लिएर उनीमाथि थप अनुसन्धान भइरहेको सिरहाका प्रहरी प्रवक्ता वीरेन्द्रकुमार पासवानले जानकारी दिए।

पूर्ववडाध्यक्ष साह २०७४ को स्थानीय निर्वाचनमा नेपाली कांग्रेसबाट नवराजपुर गाँउपालिका-२ को वडाध्यक्षमा निर्वाचित भएका थिए। २०७९ को पछिल्लो निर्वाचनमा भने नवराजपुर गाउँपालिका अध्यक्षका लागि नेकपा एमालेबाट चुनाव लडेका उनी पराजित भएका थिए।

**चटयाङ्गबाट बचौं र बचाऔं**

**आकाशमा बिजुली चम्कँदा र गडयाङ्गगुडुङ्ग हुँदाः**

- घरभित्रै बसौं,
- रुख वा विजुलीको पोलमुनी नबसौं,
- पौडी खेल्ने, डुङ्गा चलाउने तथा खेतबारीमा काम नगरौं,
- सुरक्षित ओतमा नपुग्दै चटयाङ्ग परे दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर बसौं,
- टेलिफोन, मोबाइल, टेलिभिजन, चार्जर, कम्प्युटर, फ्रिजजस्ता विद्युतीय उपकरणको प्रयोग नगरौं,
- झ्याल, भर्याङ्ग, बुइगल, बरण्डाको ग्रील, बारलगायतका धातुजन्य वस्तु नछोऔं,

**चटयाङ्ग लागेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा लैजाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८